## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६७-WH-०००९, बन्दीप्रत्यक्षीकरण, *कुमान गुरूङ्ग समेत वि. कृष्णकुमारी सापकोटा समेत*

ज्यान मुद्दामा अभियोजन पक्षले वारदात मिति सच्याई पाउन माग गरेको विषयमा मागबमोजिम सच्चिएको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिइरहेको स्थितिमा सोही प्राविधिक त्रुटिसम्मकै आधारमा निवेदकहरूको थुना गैरकानूनी भन्ने अवस्था देखिएन। निवेदकहरू उपर कर्तव्य ज्यान मुद्दाको अभियोगपत्र दायर भई सोही विषयमा अधिकारप्राप्त अदालतको आदेशले पुर्पक्ष निमित्त निवेदकहरूलाई थुनामा राखेको देखिएकोले त्यस्तो कामकारवाही र थुनामा राखेको समेतलाई गैरकानूनी कार्यको संज्ञा दिन नमिल्ने ।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः मुकुन्द बिष्ट

इति संवत् २०६७ साल कात्तिक १४ गते रोज १ शुभम् ।

२

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६७-WH-००४४, बन्दीप्रत्यक्षीकरण, *अधिवक्ता विजयकुमार बस्न्यात वि. इन्द्रविक्रम पराजुली समेत*

निवेदकको बसोबास रहेको वास्तविक ठेगानाभन्दा अन्यत्रको वतनमा म्याद सूचना जारी गरेको विपक्षी काठमाडौँ जिल्ला अदालतको कार्यबाट रिट निवेदकले उक्त मुद्दामा सुनुवाईको मौका प्राप्त गरेको भन्न मिल्ने नदेखिँदा निजलाई आरोपित कसूरमा कसूरदार ठहर गरेको काठमाडौं जिल्ला अदालतको मिति २०६५।५।१९ को फैसला प्राकृतिक न्यायको सिद्धान्तप्रतिकूल भएको देखिन आयो। अतः मिति २०६२।२।३१ मा जारी उक्त समाह्वान, मिति २०६२।३।२८ को तामेली, मिति २०६३।९।२१ को गोरखापत्रमा प्रकाशित समाह्वान सूचना र काठमाडौँ जिल्ला अदालतको मिति २०६५।५।१९ को फैसलासमेत रिट निवेदकको हकमा सम्म उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

इति संवत् २०६७ साल पुस २७ गते रोज ३ शुभम् ।

३

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको दे.पु.नं. २०६६-CI-०७५१, निषेधाज्ञा, *निर्मलप्रसाद कसजू श्रेष्ठ वि. मधुसुदनलाल श्रेष्ठ*

निवेदक तथा विपक्षीबीच कि.नं. २११ को जग्गाको विषयमा खिचोलासम्बन्धी विवाद उठी दर्ता भएको मुद्दामा जिल्ला अदालतले आफ्नो क्षेत्राधिकार ग्रहण गरी न्याय निरूपण गर्ने विषयमा निवेदकको नाममा दर्ता कायम रहेको जग्गामा हस्तक्षेप हुने आशंकाको स्थितिको अनुमान गरी शुरू जिल्ला अदालतमा विचाराधीन विषयमा असर पुग्ने गरी निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः मिनु शाही

इति संवत् २०६७ साल असोज १४ गते रोज ५ शुभम् ।

४

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** दे.पु.नं. २०६५-CI-०१२८, निषेधाज्ञा, *सूर्यनारायण पाण्डे वि. सीताराम यादव समेत*

प्रमुख जिल्ला अधिकारीले कानूनबमोजिमको अधिकार प्रयोग गरी शान्ति सुरक्षा कायम गर्ने विषयमा निवेदक समेतलाई राखी छलफल गराएको विषयले नागरिक अधिकार ऐन, २०१२ अन्तर्गत निवेदकलाई प्राप्त अधिकारमा हस्तक्षेप वा आघात पार्ने आशंकाको स्थितिको अनुमान गरी निवेदकको मागबमोजिमको आदेश जारी हुने अवस्था नदेखिने ।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः मिनु शाही

इति संवत् २०६७ साल असोज १४ गते रोज ५ शुभम् ।

५

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** दे.पु.नं. २०६६-CI-०३७९, निषेधाज्ञा परमादेश, *कोइरालाप्रसाद चौधरी समेत वि. नवज्योति बजार व्यवस्थापन समिति, बर्दिया समेत*

विपक्षीहरूले सरकारी सार्वजनिक वन नर्सरी क्षेत्रमा रहेका रूख बिरूवाहरू फँडानी गरी अतिक्रमण गरी फुटबल ग्राउण्डका साथै बजार समेत बनाएको भन्ने निवेदन जिकीर लिएको अवस्था देखिन्छ। सार्वजनिक वन अतिक्रमण गरेको अवस्था भए सो काम कारवाहीउपर त्यस्तो वनको विकास एवं संरक्षणको लागि वन ऐन, २०४९ अनुसार उपचारको मार्ग अपनाउनु पर्ने।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असोज १४ गते रोज ५ शुभम्।

६

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** दे.पु.नं. २०६६-CI-०२११, निषेधाज्ञा परमादेश, *राजेन्द्रप्रसाद तिवारी वि. नेपाल राष्ट्रिय विद्यालय, कपिलवस्तु फुलिकाको व्यवस्थापन समिति समेत*

निवेदकले शिक्षक पदमा नियुक्ति पाउनको लागि अन्य व्यक्ति भर्ना नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेशको माग गरे पनि ४० वर्ष उमेर पूरा भैसकेको भन्ने आधारमा निजको नियुक्ति समर्थन नभएको भन्ने मिसिल संलग्न जिल्ला शिक्षा कार्यालय कपिलवस्तुको च.नं. १३२४ मिति २०६५।१०।२३ को पत्रबाट देखिएको छ। निवेदकको नियुक्ति समर्थन नभएको र विद्यालयलाई प्राप्त राहत कोटाअन्तर्गतको शिक्षक पदमा अन्य व्यक्ति नियुक्ति भैसकेको देखिएको विद्यमान अवस्थामा निवेदन मागबमोजिम आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः मिनु शाही

इति संवत् २०६७ साल असोज १४ गते रोज ५ शुभम्।

७

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** दे.पु.नं. २०६५-CI-०२७२, निषेधाज्ञा, *शर्मीला के.सी.(बुढाथोकी) वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

निवेदक शर्मीला के.सी. (बुढाथाकी) ले आफू र विपक्षी निर्मला गोयल (अग्रवाल) बीच भएको भनी उल्लेख गरेको २०६४।४।४ को करारको लिखत कीर्ते भनी निवेदकउपर विपक्षी निर्मला गोयलले दायर गरेको कीर्ते जालसाजी मुद्दा काठमाडौं जिल्ला अदालतमा दर्ता भई कारवाहीयुक्त अवस्थामा रहेको भन्ने प्रस्तुत मिसिलमा रहेको कागज प्रमाणबाट देखियो। वादी निर्मला गोयल (अग्रवाल) प्रतिवादी निवेदक शर्मीला के.सी. (बुढाथोकी) बीच चलेको कीर्ते जालसाजी मुद्दाबाट करारको लिखत नै विवादास्पद रहेको भन्ने देखिएको विद्यमान अवस्थामा सोही करारको विवादको विषयमा निवेदन मागबमोजिमको निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः मिनु शाही

इति संवत् २०६७ साल असोज १२ गते रोज ३ शुभम्।

८

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** दे.पु.नं. २०६५-CI-०११४, परमादेश, *ज्ञानी यादव वि. अमेरिकाकुमारी यादव*

निवेदिका अमेरिकाकुमारी यादवलाई जिल्ला शिक्षा कार्यालयको अनुमति लिई विद्यालयबाट अस्थायी नियुक्ति दिई अध्यापन गरेको भन्ने तथा निजले कानूनबमोजिम तलव भत्ता पाएको नदेखिएको तथ्यमा विवाद नरहेको यस स्थितिमा निवेदिकाले कानूनबमोजिम पाउने तलव भत्ता उपलब्ध गराई दिनु भनी जिल्ला शिक्षा कार्यालय समेतका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असोज १४ गते रोज ५ शुभम्।

९

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५-CI-००५०, निषेधाज्ञा मिश्रित परमादेश, *चोलकान्त पाण्डे वि. लीलाम्बर थापा समेत*

माउण्ट अन्नपूर्ण एकेडेमीले कक्षा ९ मा विद्यार्थी भर्ना गरी पठनपाठन सञ्चालनको अनुमति स्वीकृति लिएको भन्ने तथ्य पुष्टि गर्न नसकेको र विद्यालयले कक्षा ९ सम्मको अनुमति स्वीकृति नपाएको भन्ने देखिएको विद्यमान स्थितिमा पुनरावेदक माउण्ट अन्नपूर्ण एकेडेमी खैरनीटारले कक्षा ९ मा भर्ना गर्ने

गरेको सूचना कानूनसम्मत् नदेखिई कानूनबमोजिम गर्नु गराउनु भनी क्षेत्रीय शिक्षा निर्देशनालय पश्चिमाञ्चल पोखराको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असोज १४ गते रोज ५ शुभम् ।

१०

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३-CI-०४६८, निषेधाज्ञा, *रोहितप्रसाद श्रेष्ठ वि. आन्तरिक राजस्व कार्यालय, भैरहवा समेत*

निवेदकलाई पक्राउ गर्ने, थुन्ने कुरा कार्यालयका कर्मचारीको मौखिक भनाई रहेको भनी तथ्ययुक्त आधारबिनाको मौखिक कुरालाई आधार लिई आफ्नो नागरिक हकमा आघात पर्ने आशंका रहेको भनी अनुमानको भरमा निवेदन मागबमोजिम आदेश जारी हुने अवस्था हुँदैन । विपक्षी आन्तरिक राजस्व कार्यालय समेतबाट निवेदकले सञ्चालन गरेको डिष्टिलरीले राजस्व छलेको विषयमा अनुसन्धान भई मुद्दा चलेको भन्ने निवेदन व्यहोरा एवं विपक्षीको लिखित जवाफबाट देखिएको छ । विवादको तथ्यबाटै नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त निवेदकको हक अधिकारमा तत्काल आघात पुग्ने आशंकाको विद्यमानता नदेखिएको स्थितिमा निवेदन खारेज हुने ।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असोज १४ गते रोज ५ शुभम् ।

११

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४-CR-०७७५, जालसाजी, *नगरवती चौधरी समेत वि. दिलीपकुमार चौधरी समेत*

प्रतिवादीहरूले जालसाजी तवरले आफ्नो समेत हक लाग्ने जग्गा बिक्री व्यवहार गरेको भनी २०६०।४।१९ मा फिरादपत्र दायर गरेको देखिएको अवस्थामा २०५६।१०।४ को लिखतउपर काम भए गरेको मितिले दुई वर्षभित्र प्रस्तुत नालिस दायर भएको देखिएन । वादीहरूले जालसाजी भनी दावी लिएको जग्गाको २०५६।१०।४ मा पारित लिखतउपर मुलुकी ऐन, कीर्ते कागजको १८ नं. मा २०५९।५।२७ मा भएको संशोधनपश्चात् सो काम भए गरेको थाहा पाएको मितिले ६ महिनाभित्र नालिस नदिए लाग्न सक्दैन भन्ने कानूनी व्यवस्थाको सहारा लिई दायर भएको देखिँदा प्रस्तुत २०५६।१०।४ को लिखतको हकमा उल्लिखित कानूनी व्यवस्थाले निर्देश गरेको हदम्याद लागू हुने अवस्था नदेखिने ।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६७ साल भदौ ७ गते रोज २ शुभम् ।

१२

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** दु.फौ.पु.नं. २०६४-CR-०७७६, जालसाजी, *नगरवती चौधरी समेत वि. मुखिलाल चौधरी समेत*

वादीहरू तथा प्रतिवादी एकासगोलमा रहेको अवस्थामा प्रतिवादीले कि.नं. ३८ को जग्गा प्रतिवादीमध्येका मुखिलाल चौधरीलाई बिक्री गरी हक हस्तान्तरण गरेको देखिएको र सो लिखतउपर वादीले कानूनले तोकेको हदम्यादभित्रै दायर गरेको देखिनुका साथै उक्त लिखतउपर वादीले कानूनले तोकेको हदम्यादभित्रै फिराद दायर गरेको देखिनुका साथै उक्त लिखत पारित गरी दिए लिएको अवस्थामा वादी समेतको मञ्जूरी लिएको भन्ने नदेखिएको र वादीहरूको हकहितमा असर पर्ने उद्देश्यले अभिप्रेरित भै जालसाजीपूर्ण क्रिया गरेको पुष्टि हुने ।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६७ साल भदौ ७ गते रोज २ शुभम् ।

१३

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** दे.पु.नं. २०६४-CI-०९६६, लिखत दर्ता बदर दर्ता समेत, *नगरवती चौधरी समेत वि. दिलीपकुमार चौधरी समेत*

लेनदेन व्यवहारको १० नं. को कानूनी व्यवस्थाअनुसार २०५६।२।१३ तथा २०५८।७।१९ मा पारित लिखतउपर रजिष्ट्रेशन भएको मितिले एक वर्षसम्ममा थाहा पाएको पैंतीस दिनभित्र प्रस्तुत फिराद दर्ता गरेको भन्ने मिसिलको तथ्य एवं फिराद लेखबाटै नदेखिँदा खारेज हुने ।

- यसै प्रकृतिको दे.पु.नं. २०६४-CI-०९६८, लिखत बदर दर्ता, *नगरवती चौधरी समेत वि. दिलीपकुमार चौधरी समेत* यसैअनुसार फैसला भएको छ ।

इजलास अधिकृतः पुनाराम खनाल
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६७ साल भदौ ७ गते रोज २ शुभम् ।

१४

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** दे.पु.नं. २०६४-CI-०९६७, दृष्टिबन्धक लिखत बदर, *नगरवती चौधरी समेत वि. दिलीपकुमार चौधरी समेत*

यिनै वादी प्रतिवादी समेत बीच चलेको अंश दर्ता मुद्दा अन्तिम रहेको अवस्था र प्रस्तुत दृष्टिबन्धक लिखत व्यवहारको प्रकृति समेतबाट वादी दावीबमोजिम दृष्टिबन्धक पारित लिखतको २ खण्डको १ खण्ड लिखत बदर हुने ।

इजलास अधिकृतः पुनाराम खनाल
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६७ साल भदौ ७ गते रोज २ शुभम् ।

१५

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** रिट नं. ०६६-WO-११४४, उत्प्रेषण समेत, *इब्राहिम राइन वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकलाई स्वास्थ्य सेवा विभागको मिति २०६६।१२।२३ को निर्णयानुसार दिइएको मिति २०६६।१२।३० को सरूवापत्रमा सि.अ.हे.व. पद मात्र उल्लेख गरिएको तर निज सि.अ.हे.व. अधिकृत पदमा कार्यरत् अधिकृत कर्मचारी रहेको कुरामा विवाद नरहेको सन्दर्भमा विभागको मिति २०६६।१२।२३ को उक्त निर्णय र सो निर्णयका आधारमा विभागबाट मिति २०६६।१२।३० मा दिइएको सरूवापत्र समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब, निवेदकको हकमा स्वास्थ्य सेवा ऐन, २०५३ एवं स्वास्थ्य सेवा नियमावली, २०५५ बमोजिम निजको तह र पदमा असर नपर्ने गरेर मात्र सरूवासम्बन्धी निर्णय गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश समेत जारी हुने ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- रिट नं. ०६६-WO-१०२०, उत्प्रेषण समेत, *तारा अधिकारी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- रिट नं. ०६६-WO-११६०, उत्प्रेषण समेत, *रूक्मिना तिमिल्सिना वि. स्वास्थ्य सेवा विभाग समेत*

इजलास अधिकृतः उमेश कोइराला
इति संवत् २०६७ साल पुस १४ गते रोज ४ शुभम् ।

१६

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** रिट नं. ०६६-WO-०९६६, उत्प्रेषण समेत, *घनश्याम भट्टराई वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

रिट निवेदनमा दावी लिइएको अवस्था नै विद्यमान न भै निवेदन दायर गर्दाको परिस्थितिमा सारभूत परिवर्तन भैसकेको र निवेदकको सहमतिमा सरूवा मिलान समेत भैसकेको अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः उमेश कोइराला
इति संवत् २०६७ साल पुस १४ गते रोज ४ शुभम् ।

१७

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको स.फौ.पु.नं. ०२४९ कर्तव्य ज्यान, *नेपाल सरकार वि. मदनराज गिरी समेत*

प्रतिवादीले मृतकलाई लाठाले हिर्काउँदा शरीरका विभिन्न भागमा चोट पुऱ्याएको साथै नीलडामहरू समेत देखिन्छ । त्यति मात्र नभई मृतकलाई वारदातस्थलबाट घिसार्दै केही पर जंगलमा लगी आफैं झुण्डी मरेको देखाउन मृतकले लगाएको गञ्जी फुकाली सल्लाको रूखमा घाँटी कसी झुण्ड्याएर कर्तव्य गरी मारेको देखिँदा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६७ साल मंसिर २६ गते रोज १ शुभम् ।

१८

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** दे.पु.नं. ०६६-CI-०१८८, कुत दिलाई मोही निष्काशन, *सलिल अन्सारी समेत वि.संरक्षक समसुल्लाह मिया*

प्रतिवादीले २०६२ सालको कुतबाली नबुझाएको भन्ने दावी भई भूमिसम्बन्धी ऐन, २०२१ मा २०५३ सालमा भएको चौथो संशोधनपछिको कुतवालीकै विषयमा विवाद भएको पाइँदा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा दावीको जग्गाबाट मोही हक निष्काशन नहुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

इति संवत् २०६७ साल पुस ३० गते रोज ६ शुभम् ।

१९

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६-WO-१२९४, उत्प्रेषणयुक्त परमादेश, *केशरकुमारी दाहाल वि. जिल्ला शिक्षा कार्यालय, खोटाङ्ग समेत*

निवेदिका मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयको मिति २०६५।९।२४ पत्रले जिल्ला शिक्षा कार्यालय भक्तपुरअन्तर्गत रहेको हिमालय प्रा.वि. निरपुरमा मिति २०६५।९।२४ देखि २०६५ चैत मसान्तसम्म काजमा रहे तापनि २०६५ बैशाखदेखि आफू कार्यरत् विद्यालयमा बिना आधार जानकारीसम्म पनि नदिई गैरहाजिरी रहेकोमा लामो समयपश्चात् २०६६।७।३० पछि हाजिर हुनगएको अवस्थामा हाजिर नगराएको रामपुर प्रा.वि. नेर्पा खोटाङ्गको विद्यालय व्यवस्थापन समितिको मिति २०६६।१२।३० को निर्णयबाट निवेदिका केशरकुमारी दाहाललाई अस्थायी शिक्षक पदबाट अवकाश दिएको कार्यलाई कानूनविपरीत भन्न नमिल्ने ।

इजलास अधिकृतः हरि कोइराला

इति संवत् २०६७ साल माघ ११ गते रोज ३ शुभम् ।

२०

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६४-CI-१०१८, लिखत बदर समेत, *श्यामबहादुर तामाङ समेत वि. खाइमो तामाङ*

विवादको जग्गा प्रतिवादी सुनमाया तामाङको निजी आर्जनको नदेखिएको र पुनरावेदक वादी तथा प्रतिवादी सुनमाया तामाङ समेत बीच अंशवण्डा नभई एकासगोलमा रहेको अवस्थामा प्रतिवादीहरू सुनमाया तामाङ र खाइमो तामाङबीच लिखत पारीत गरी जग्गाको हक हस्तान्तरण भएको भन्ने देखिन आयो । उक्त २०५९।१२।१९ मा पारित लिखतउपर उपर्युक्त लेनदेन व्यवहारको १० नं. को हदम्यादभित्र वादीहरूले दावी लिएको देखिएको र उक्त राजीनामा लिखत पारित गर्दा अंशियार वादीहरूको मञ्जूरी लिएको वा उक्त मितिमा वादीहरू समेत साक्षी बसेको भन्ने समेत नदेखिएको विद्यमान अवस्थामा वादीहरूको हक जति पारित लिखत बदर हुने ।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल मंसिर २१ गते रोज ३ शुभम् ।

२१

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CI-०२२२, मोही नामसारी, *पचिया धनुकाइन वि. लक्ष्मण महतो धानुक*

आफैंले जग्गा खरीद गर्दा मोही स्वीकार गरेको स्थितिमा पछि आएर मोहीमा इन्कार गर्न मिल्दैन । फिल्डबुकको व्यहोरा, कुत बाली बुझेको भरपाई समेतका मिसिल संलग्न एवं मोही र जग्गाधनीबीचको आचरण र व्यवहार प्रमाणबाट विवादको जग्गाको मोही प्रत्यर्थी वादीका पिता सुखल महतो रहेको र निजको शेषपछि प्रत्यर्थी वादीले कमाई कुतबाली समेत बुझाएको भन्ने देखिएको विद्यमान अवस्थामा वादी दावीबमोजिम मोही नामसारी हुने ।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः मुकुन्द बिष्ट

इति संवत् २०६७ साल असोज १५ गते रोज ६ शुभम् ।

२२

**का.मु.स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री ताहिर अली अन्सारी,** दु.फौ.पु.नं. २०६३-CR-०००३, जालसाजी, *शिवकुमार लामा वि. पद्मा लामा समेत*

सगोलका सबैको हक लाग्ने स्ववासी घर एउटै घर परिवारका अन्य अंशियारहरूको मञ्जूरी,

सहमति वा जानकारीबिना तेस्रो उनाउको व्यक्तिलाई बिक्री गरेको कार्यबाट सगोलको अन्य अंशियारहरूको हक मेट्ने, मेटाउने उद्देश्य राखी सो कार्य भए गरेको भनी स्वतः स्पष्ट हुने ।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः मुकुन्द बिष्ट

इति संवत् २०६७ साल भदौ २१ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- दु.फौ.पु.नं. २०६३-CR-०००४, जालसाजी, *पासाङ छिरिङ लामा समेत वि. पद्मा लामा समेत*
- २०६३-CI-०००७, लिखत दर्ता बदर दर्ता समेत, *शिवकुमार लामा समेत वि. पद्मा लामा समेत*
- २०६३-CI-०००८, लिखत दर्ता बदर दर्ता समेत, *पासाङ छिरिङ लामा समेत वि. पद्मा लामा समेत*

२३

**का.मु.स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६६-CR-०४३८, CR-०४३६, गाली बेइज्जती, *पासाङ्ग छिरिङ लामा समेत वि. पद्मा लामा, शिवकुमार लामा वि. पद्मा लामा*

पति र पत्नीबीचको सम्बन्ध समाजबाट लुकाई राख्ने प्रकृतिको होइन बरू सामाजिक मान्यता प्राप्त गर्नका लागि समाज सामू स्पष्ट गरी बस्नु पर्ने सम्बन्ध हो यो । त्यसकारण यो वादीले भित्रभित्रै नरोत्तम गौतमको पत्नी भई बसेकी भन्ने अनुमान पनि गर्न मिल्ने देखिँदैन । प्रतिवादीहरूले यी वादी पद्मा लामा समेतउपर दायर गरेको जालसाजी समेतका मुद्दामा उल्लेख गरेको पद्मा लामा र नरोत्तम गौतमबीच पति पत्नीको सम्बन्ध रही एउटै डेरा कोठामा रहे बसेको भन्ने कुराको सबूद प्रमाणद्वारा पुष्टि गर्न नसकेको र आफू र नरोत्तम गौतमबीचको सम्बन्ध लोग्ने स्वास्नीको रूपमा नरहेको भनी सो सम्बन्धलाई यी वादी समेतले इन्कार गरेको स्थितिमा प्रतिवादीहरूले वादीलाई गाली र बेइज्जती ऐन, २०१६ को दफा ३ बमोजिम गाली बेइज्जतीको कसूर गरेको देखिने ।

- यसै प्रकृतिको २०६६-CR-०४३९, २०६६-CR-०४३७, गाली बेइज्जती, *पासाङ्ग छिरिङ लामा समेत वि. नरोत्तम गौतम, शिवकुमार लामा वि. नरोत्तम गौतम* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

इजलास अधिकृतः पुनाराम खनाल

कम्प्युटरः मुकुन्द बिष्ट

इति संवत् २०६७ साल भदौ २१ गते रोज २ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५ सालको फौ.पु.नं. ०६९६, सवारी ज्यान, *नेपाल सरकार वि.लक्ष्मणप्रसाद उपाध्याय पौडेल*

जीपको ब्रेकले काम नगरेको कारणले बाटोमा रोक्ने प्रयास गर्दागर्दैको अवस्थामा पनि गाडी रोक्न नसकी बाटोमा हिँडिरहेका यी मृतकलाई उक्त जीपको बायाँपट्टिको भागले ठक्कर दिई सोही ठक्करको कारणबाट मृतकको मृत्यु हुन गएको भन्ने तथ्य स्थापित भएको देखिन आएको र मृतकलाई मार्नुपर्ने सम्मको मनसाय तत्वको अभाव रहनुको साथै जानीजानी लापरवाहीपूर्वक सवारी साधन चलाएको भन्ने पुष्टि पनि हुन सकेको नदेखिएको यस्तो अवस्था र स्थितिमा प्रस्तुत वारदातलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिमको कसूर अपराध कायम हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद अर्याल

कम्प्युटर मन्जिता ढुंगाना

इति संवत् २०६७ साल फागुन १९ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको दे.पु.नं. ०५७६, बहाल भराई घर पसल खाली गराई पाऊँ, *कृष्णहरि डण्डेख्या वि. विद्यार्थी निकेतन मा.वि. भक्तपुर*

आफ्नो फिराद दावीमा घर बनाउनेको महलको ८ नं. र ९ नं. समेतको स्पष्ट दावी लिई फिराद गरेको देखिन आएको अवस्थामा सो दावीको विषयमा समेत बोली एकैसाथ न्याय निरोपण गर्नुपर्नेमा सो विषयतर्फ केही नबोली उक्त ऐनमा भएको कानूनी

व्यवस्थाको मर्म र भावना समेतको विपरीत गई केवल करार ऐनमा उल्लिखित हदम्याद नाघी फिराद दायर भएको भन्ने एकमात्र आधार लिई फिराद खारेज गर्ने गरेको शुरू जिल्ला अदालतको फैसला कानूनसम्मत् तथा न्यायसंगत नहुने ।

इजलास अधिकृतः विष्णुप्रसाद अर्याल

कम्प्युटर मन्जिता ढुंगाना

इति संवत् २०६७ साल फागुन १९ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६६ सालको दे.पु.नं. ०५७५, बहाल भराई घर पसल खाली गराई पाऊँ, *तुल्सीनारायण डण्डेख्या वि. विद्यार्थी निकेतन मा.वि. भक्तपुर* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको दे.पु.नं. ०२७६, लेनदेन, *रामगुलाम राय यादव वि. विश्वनाथप्रसाद यादव*

दावीबमोजिमको साँवा ब्याज बुझी भरपाई गरिदिने व्यक्ति वादीकी श्रीमती सिकीलिया देवी र रोहवरमा बस्ने निजको छोरा महेन्द्र यादव समेत यी पुनरावेदक वादीसँग छुट्टी भिन्न नभई एकासगोलमा नै रहे बसेका अंशियार नाताका व्यक्ति रहेको र सो कुरालाई वादीले अन्यथा हो भनी भन्न सकेको समेत नदेखिएको अवस्थामा उक्त दावीबमोजिमको रकममा यी वादीको श्रीमती र छोरा समेतको हक लाग्न जाने देखिन आएको परिस्थितिमा आफूहरूको हकमा समेत असर पर्ने गरी प्रतिवादीबाट रकमै नबुझी निजहरूले त्यसै भरपाई गरी दिए होलान् भनी अनुमान गर्न मिल्ने नदेखिने ।

इजलास अधिकृतः विष्णुप्रसाद अर्याल

कम्प्युटर मन्जिता ढुंगाना

इति संवत् २०६७ साल फागुन १९ गते रोज ५ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री बलराम के.सी. मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६५ सालको दे.पु.नं. CI-००८१, फैसला बदर, *श्रवणकुमार साह सुडी समेत वि. सुदामादेवी समेत*

मुनी साहका छोरा नभई ४ वटा छोरीहरू मात्र रहेको देखिएको, मुनी साहको शेषपछि निजको नाउँको विवादित कि.नं. १५ र ९६ समेतका जग्गामा अपुतालीको २ नं. बमोजिम प्रत्यर्थी सुदामादेवी समेतको अपुताली हक कायम भएको देखिएको, पुनरावेदकहरूले मुनी साहको सेवा सुसार गरेको विवादरहित ठोस सबूद प्रमाण गुजार्न नसकेको अवस्थामा पुनरावेदकहरू बीच एकआपसमा अपुताली हक कायम मुद्दा दायर गरी जग्गा बाँडफाँड गर्ने गरी भएको मिलापत्र बदर हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६५ सालको दे.पु.नं. CI-००७८, बकसपत्र लिखत दर्ता बदर दर्ता, *रितदेवी साह समेत वि. सुनैनादेवी ब्याहुत सुडी*
- २०६५ सालको दे.पु.नं. CI-००७९, बकसपत्र लिखत दर्ता बदर दर्ता, *श्रवणकुमार साह सुडी समेत वि. सुनैनादेदेवी ब्याहुत सुडी*
- २०६५ सालको दे.पु.नं. CI-००८०, मिलापत्र दर्ता बदर दर्ता, *भोला साह समेत वि.सुनैनादेदेवी ब्याहुत सुडी*

२

**मा.न्या.श्री बलराम के.सी. मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६४ सालको दे.पु.नं.CI-०१२२, CI-०१०१०, लिखत दर्ता बदर दर्ता, *दीपककुमार साह समेत वि. कैलाशप्रसाद सुल्तानिया समेत,बबी कुमारीदेवी हजाम वि. दीपककुमार साह समेत*

विवादित जग्गा कामनीकुमारीको निजी आय आर्जन र स्रोतबाट खरीद गरी लिएको भन्ने कहीं कतैबाट खुल्न आएको नदेखिएको र पुनरावेदक लक्ष्मणप्रसाद र कामनीकुमारी छुट्टी भिन्न भएको कागज नदेखिँदा उक्त जग्गा सगोलकै सम्पत्तिबाट खरीद गरेको भनी मान्नुपर्ने हुँदा पुनरावेदक लक्ष्मणप्रसादको हकसम्म ५ भागको १ भाग लिखत बदर हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी. मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको स.फौ.पु.नं. ३७८३, ३३०८, भ्रष्टाचार, *द्रोणराज सापकोटा वि. नेपाल सरकार, ध्रुवराज ढुङ्गाना वि. नेपाल सरकार*

प्रतिवादी ध्रुवराज ढुङ्गानाले राष्ट्रिय वाणिज्य बैंकबाट रोक्का रहेको जग्गालाई पटकपटक रोक्का छैन भनी प्रमाणित गर्ने र दोहोरो रोक्का राख्ने कार्य गरी प्रतिवादी द्रोणराज सापकोटालाई गैरकानूनी लाभ पुऱ्याएको र प्रतिवादी द्रोणराज सापकोटाले एउटै कित्ता जग्गा दोहोरो रोक्का राख्न लगाई दुईवटा बैंकमा धितो राखी कर्जा लिएपश्चात् सो कर्जा नतिरी खाने नियत राखी तेस्रो व्यक्तिलाई बिक्री गरी सार्वजनिक संस्था बैंकलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याई आफूलाई गैरकानूनी लाभ लिने कार्य गरेकोले निज प्रतिवादीहरूको उल्लिखित कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) र ८(४) विपरीत भएको देखिने ।

पछि बनेको कानूनले सजाय गर्न नहुने भन्ने फौजदारी न्यायिक मान्य सिद्धान्तअनुसार प्रतिवादीको कसूर प्रमाणित भएको हुँदा कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा ४ अनुसार भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ अनुसार प्रतिवादी द्रोणराज सापकोटालाई २(दुई) वर्ष कैद र ऐ. ऐनको दफा ७(१) अनुसार प्रतिवादी ध्रुवराज ढुङ्गानालाई १(एक) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः ईश्वर आचार्य
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६७ साल भदौ ३० गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री बलराम के.सी. मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको स.फौ.पु.नं. ४०३, गैंडा मारी खाग चोरी, *नेपाल सरकार वि. लालबहादुर बयाम्बु समेत*

प्रतिवादीहरू मुद्दा हेर्ने अधिकारीसमक्ष सावित हुनाका साथै पक्राउ गर्ने अशोककुमार शाहको बकपत्र, बरामदी मुचुल्का घटनास्थल प्रकृति मुचुल्का समेतबाट प्रतिवादीहरू विरूद्धको कसूर प्रमाणित भएको देखिन्छ । प्रस्तुत मुद्दामा गैंडाको खाग अपराधसम्बन्धी चीज बरामद हुन नसके पनि प्रतिवादीहरू मुद्दा हेर्ने अधिकारीसमक्ष सावित भएको देखिन्छ र सोलाई समर्थन गर्ने गरी अशोक शाहले बकपत्र समेत गरेको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा ४(१)(ख) अनुसार एक पक्षले लगाएको आरोप अर्को पक्षले लिखित रूपमा स्वीकार गरेमा अन्य प्रमाण बुझ्नी रहन पर्दैन । प्रतिवादीहरू अदालत समक्ष सावित हुँदाहुँदै सफाइ दिएको पुनरावेदन अदालतको फैसला नमिलेकोले उल्टी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल कात्तिक १५ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री बलराम के.सी. मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको WO-०९८६, उत्प्रेषण समेत, *मेघराज सुवेदी वि. पदपूर्ति समिति, घरेलु तथा साना उद्योग विकास समिति, प्रधान कार्यालय, त्रिपुरेश्वर समेत*

नेपालको अन्तरिम संविधानको धारा १२६ (६) अनुसार घरेलु तथा साना उद्योग विकास समितिले परामर्श लिनपर्ने गरी बाध्यात्मक व्यवस्था गरेको नदेखिएको र समितिको परीक्षासम्बन्धी कामकारवाही समितिको कर्मचारी सेवा शर्त नियमावली, २०५५ बमोजिम भए गरेको देखिँदा रिट निवेदन दावीबमोजिम आदेश जारी हुनसक्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६७ साल फागुन १ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री बलराम के.सी. मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको WO-०६२६, उत्प्रेषण समेत, *परमादेश समेत, हिमाल ज्ञवाली वि. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय समेत*

वैकल्पिक उपचारको विद्यमानतामा असाधारण अधिकारअन्तर्गत उपचार हुँदैन । तसर्थ प्रस्तुत विवादमा यी रिट निवेदकको निवेदन दावीको सम्बन्धमा कम्पनी ऐन, २०५३ को दफा १०६ ले उपचारको व्यवस्था गरेको अवस्थामा उक्त वैकल्पिक उपचारको बाटो अवलम्बन नगरी असाधारण अधिकारक्षेत्रअन्तर्गतको रिट निवेदन लिई आएको

देखिँदा रिट निवेदकको माग दावीबमोजिम रिट निवेदकको तथ्यभित्र प्रवेश गरी निवेदन मागबमोजिम आदेश जारी गर्न नमिल्ने हुँदा खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल साउन २४ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री बलराम के.सी. मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रि.नं. ११५१, उत्प्रेषणयुक्त परमादेश, *खुशीलाल मण्डल वि. निर्वाचन आयोग समेत*

रिट निवेदनमा धारा १०७(२) बमोजिमको उपचार माग गरिएको तर निवेदकले आफ्नो संविधानप्रदत्त कुन हक हनन् हुन गएको हो सो कुरा उल्लेख नै नगरेको अवस्था देखिएको हुँदा अदालत स्वयंले निवेदकको फलानो हक हनन् भएको होला भनी यस अदालतले संविधानको धारा वा ऐनको दफा उल्लेख गरी उपचार दिन नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल माघ २८ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री बलराम के.सी. मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. ११५२, उत्प्रेषणयुक्त परमादेश, *सरीता गिरी वि. निर्वाचन आयोग समेत*

नेपाल सद्भावना पार्टी(आनन्दी देवी) को केन्द्रीय कार्यसमिति नै आधिकारिक रूपमा क्रियाशील एवं विवादरहित कार्यसमिति भएको भनिएकोमा उक्त केन्द्रीय समितिका २६ सदस्यमध्ये कति सदस्य कुन पक्षमा रहेका छन् भनी सो कुराको समेत विवेचना गरेको पनि नदेखिएको र केवल खुशीलाल मण्डलको जनकपुर महाधिवेशनको विषय प्रसंगवश मात्र निर्णयमा उल्लेख गरी समुचित विश्लेषण गरेको नहुँदा अब उक्त अधिवेशनका सम्बन्धमा पनि व्यापक विवेचना र विश्लेषण गरी निर्वाचन, आयोगले निर्णयमा पुग्नु पर्ने देखिएबाट निर्वाचन आयोगको मिति २०६७।१।२७ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अब माथि उल्लेख गरिएको विषयवस्तु र यस अदालतबाट भएको मिति २०६६।११।२५ को आदेशमा उल्लेख भएका विषयहरूमध्ये खुशीलाल मण्डल समूहको जनकपुर महाधिवेशनको गठन गरेको कार्य समितिको बारेमा समेत पर्याप्त विवेचना गरी पुनः निर्णय गर्नु भनी विपक्षी निर्वाचन आयोगका नाउँमा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल माघ २८ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री बलराम के.सी. मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. १०४१, उत्प्रेषणयुक्त परमादेश, *तेजकान्त झा वि. प्रधानमन्त्रीको कार्यालय समेत*

संविधानको धारा ६३(३)(ग) मा "सहमतिको आधारमा मन्त्रिपरिषद्" बाट नियुक्ति हुनुपर्ने भन्ने संवैधानिक प्रावधानबमोजिम सम्बन्धित सात पार्टीको सहमति बिना मन्त्रिपरिषद्ले मनोनयन गर्न नसक्ने हुँदा निजलाई मनोनयन गर्ने तत्कालीन मन्त्रिपरिषद्को निर्णय बदर गरिदिएको छ । अतः नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३(३) (ग) को संवैधानिक व्यवस्थाबमोजिम सहमतिको आधारमा जो जसलाई मनोनयन गर्नुपर्ने हो पुनः मनोनयन गर्नु भनी मन्त्रिपरिषद् सचिवालयको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल माघ २८ गते रोज ६ शुभम् ।

- यसै प्रकृतिको २०६५ सालको रिट नं. १०६६, उत्प्रेषण मिश्रित प्रतिषेध, परमादेश, *तेजकान्त झा वि. प्रधानमन्त्री, मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१०

**मा.न्या.श्री बलराम के.सी. मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको रि.नं. ०६५-WO-०४४१, उत्प्रेषण मिश्रित परमादेश, *दिवाकर गोल्छा वि. उद्योग मन्त्रालय समेत*

औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २९ मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन र यस ऐनअन्तर्गत बनेको

नियममा लेखिएको कुरामा सोहीबमोजिम हुने भन्ने प्रावधानले निवेदक उद्योगले पाएको सुविधा आयकर ऐन, २०५८ द्वारा अपहरण गर्न मिल्ने देखिएन। माथि भनियो औद्योगिक व्यवसाय ऐन, २०४९ कर भन्सार आदिमा सुविधा दिने मूल कानून हो। दफा २९ ले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए पनि यसै ऐनबमोजिम हुने भनेको हुँदा यस ऐनको दफा १५ र १६ ले दिएको सुविधा यस ऐनमा तोकिएको अवधिभर कुनै अर्को ऐन वा यसै ऐन संशोधन गरेर परिवर्तन गर्न नसक्ने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल माघ १२ गते रोज ४ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६५ सालको रि.नं. ०६५-WO-०२३९, परमादेश समेत, *दिवाकर गोल्छा वि. उद्योग मन्त्रालय समेत*
- २०६६ सालको रि.नं. ०६६-WO-०१५६, परमादेश समेत, *हेमन्त गोल्छा वि. उद्योग मन्त्रालय समेत*

११

**मा.न्या.श्री बलराम के.सी. मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको रि.न. ०६४२, उत्प्रेषण समेत, *रोवर सिँह बस्नेत वि. शिक्षक सेवा आयोग, सानोठिमी समेत*

सबैभन्दा बढी अङ्क प्राप्त गर्ने रोवर सिँहको का.स.मू. बापत्को अङ्क नै गणना नगरी निजको नाम हटाउने तथा बढुवा नै हुन नसक्ने दामोदर अधिकारीको नाम समावेश गर्ने गरी भएको शिक्षक सेवा आयोगको निर्णय तथा प्रकाशित नामावली कानूनविपरीत तथा त्रुटिपूर्ण देखिने।

१ नम्बरमा बढुवा हुने रोवर सिँह बस्नेतको नाम हटाई बढुवा नै हुन नसक्ने दामोदर अधिकारीको नाम समावेश गर्ने गरी भएको शिक्षक सेवा आयोगको मिति २०६५।१०।२७ को निर्णय तथा सो निर्णयका आधारमा प्रकाशित मिति २०६५।११।९ को नामावली सूचना सो हदसम्म त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। सो विज्ञापनमा बढुवा भएका लीलामणि सुवेदी सरह निवेदक रोवर सिँह बस्नेतलाई सोही मितिबाट लागू हुने गरी मा.वि. द्वितीय तहको शिक्षक पदमा बढुवा नियुक्ति दिनु भनी शिक्षक सेवा आयोग भक्तपुर र क्षेत्रीय बढुवा समिति म.प.क्षे.नि. सुर्खेतका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः भाष्कर पंगेनी

इति संवत् २०६७ साल फागुन ४ गते रोज ४ शुभम्।

१२

**मा.न्या.श्री बलराम के.सी. मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६४-WO-०२०५, उत्प्रेषणयुक्त परमादेश, *पद्मा वैद्य समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

सडक निर्माणको काम नै शुरू भै नसकेको अवस्थामा निवेदकहरूको आशंकाको भरमा प्रस्तुत रिट निवेदन दायर गरेको देखियो। निवेदकहरूले संविधानप्रदत्त सूचनाको हक उल्लंघन भयो भनी दावी लिएको समेत देखिँदैन। कानूनद्वारा स्थापित निकायबाट भए गरेका कामकारवाहीको जानकारी सूचनाको हकसम्बन्धी प्रचलित कानूनबमोजिम जो सुकै सरोकारवालाले सूचनाप्राप्त गर्नसक्ने कुरामा दुईमत हुँदैन। यस स्थितिमा निवेदकहरूको हक अधिकारमा कुनै आघात पुगेको नदेखिई Immature अवस्थामा दायर भएको रिट निवेदनमा निवेदन मागबमोजिम आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः भाष्कर पंगेनी

इति संवत् २०६७ साल फागुन ४ गते रोज ४ शुभम्।

१३

**मा.न्या.श्री बलराम के.सी. मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५-WO-०५०८, उत्प्रेषण, *खगराज आचार्य वि. क्षेत्रीय शिक्षा निर्देशनालय, पश्चिमाञ्चल पोखरा समेत*

पटकपटक जारी भएका विद्यालयका पत्र तथा गोरखापत्रमा प्रकाशित सूचनामा कुनै प्रतिक्रिया नजनाई बेवास्ता गरी बसेको अवस्थामा कर्तव्य पूरा नगर्ने शिक्षकलाई शिक्षा ऐन, नियमबमोजिम सुनुवाइको मौका प्रदान गरी भविष्यमा सरकारी सेवाबाट अयोग्य नठहरिने गरी सेवाबाट अवकाश

दिने गरी साधिकार निकाय पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय पोखराबाट मिति २०६४।६।२२ मा भएको निर्णय कानूनसम्मत् नै देखिदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल फागुन ४ गते रोज ४ शुभम् ।

१४

**मा.न्या.श्री बलराम के.सी. मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६४-WO-०७१०, उत्प्रेषण, *रत्नदेवी शाक्य समेत वि. भूमिसुधार कार्यालय, बबरमहल समेत*

दुई पक्षबीच भएको विवादमा एक पक्षको प्रमाणलाई मात्र सम्बोधन गरी अर्को पक्षको प्रमाण विषयमा केही नबोलिँदा बाँडफाँडको निर्णयबाट निष्पक्ष र स्वच्छ तवरबाट निर्णय भएको भनी मान्न मिलेन । कानूनले जग्गा बाँडपाँड गर्न अख्तियारी दिएको अधिकारीले आफ्नो अधिकारको प्रयोग गर्दा सो सहज रूपमै निष्पक्ष र स्वच्छ देखिनु पर्ने ।

भूमिसुधार कार्यालय काठमाडौँबाट मिति २०६४।९।१६ मा भएको बाँडफाँडको निर्णय निष्पक्ष र स्वच्छ तवरबाट नभई निर्देशिकाको प्रावधान समेतको त्रुटिपूर्ण भइरहेको यस अवस्थामा जग्गा बाँडफाँडसम्बन्धी निर्णय र तत्सम्बन्धी कामकारवाही मिलेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।
इजलास अधिकृत बासुदेव पौडेल
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६७ साल माघ १२ गते रोज ४ शुभम् ।

१५

**मा.न्या.श्री बलराम के.सी. मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको रि.नं. १३१२, उत्प्रेषणयुक्त परमादेश, *जीतबहादुर पुन वि. साना जलविद्युत तथा ग्रामीण विद्युत विभाग सेतो दरबार जमल समेत*

सार्वजनिक निकायले आह्वान गरेको बोलपत्र स्वीकृत भई नसकेको चरण Precontractual stage मा पहिलो बोलपत्र यथावत राखी सशक्त प्रतिष्पर्धा गराउन दोस्रो पटक बोलपत्र आह्वान गरेको कार्यले निवेदकको मौलिक हक हनन् हुँदैन । मौलिक हक कुनै Authority ले आह्वान गरेको बोलपत्रले सिर्जना नगर्ने ।

दाखिल गरेको बोलपत्र यथावतै राखी सूचना प्रकाशित गरी E–Bidding समेत गर्ने गरी पुनः बोलपत्र आह्वान गरेको जानकारीपत्र समेतका आधारमा निवेदकको बोलपत्र पुनः मूल्याङ्कन हुने नै हुँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः भाष्कर पंगेनी
इति संवत् २०६७ साल माघ ३ गते रोज २ शुभम् ।

१६

**मा.न्या.श्री बलराम के.सी. मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६३ सालको रि.नं. ०६३-WO-०००९, उत्प्रेष्णयुक्त परमादेश, *केशवप्रसाद उप्रेती वि. नापी गोश्वारा कार्यालय, काठमाडौं समेत*

जग्गा (नाप जाँच) नियमावलीको नियम ११ बमोजिम गठित समितिको सिफारिश र नापी विभागको २०६३।३।१३ को पत्रअनुसार सहमति लिई मिति २०६३।३।१५ मा त्रुटि सुधार गर्ने निणयलाई स्वेच्छाचारी र अनाधिकार तथा आफ्नो निर्णय आफैं बदर गरेको भन्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६७ साल पुस १३ गते रोज ३ शुभम् ।

१७

**मा.न्या.श्री बलराम के.सी. मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६४ सालको रि.नं. ०६३-WO-११०३, उत्प्रेषण परमादेश, *मनोजकुमार चापागाई वि. पूर्वाञ्चल ग्रामीण विकास बैंक लिमिटेड समेत*

निवेदकले ग्राहकबाट संकलित रकम समयमै बैंकमा दाखिल नगरी आफूखुशी चलाएको र अनुशासन तथा आचरणको उल्लंघन गरेको प्रमाणबाट देखिएको अवस्थामा स्पष्टीकरण समेत सोधी स्पष्टीकरण चित्त बुझ्दो नभएपछि बैंकको विनियमावलीबमोजिम यी मनोजकुमारको २ तलब वृद्धि घटुवा गर्ने निर्णयलाई सदर गर्ने गरी पूर्वाञ्चल ग्रामीण विकास बैंक, विराटनगरबाट भएको मिति २०६३।९।५ को निर्णय कानूनअनुरूप भएको देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृतः बासुदेव पौडेल
इति संवत् २०६७ साल चैत ६ गते रोज १ शुभम् ।

१८

**मा.न्या.श्री बलराम के.सी. मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६३ सालको रि.नं. WO-०५१४, उत्प्रेषण परमादेश, *सुनिलकुमार श्रेष्ठ समेत वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*

विवादित जग्गा निवेदकहरूले राजीनामा पारीत गरी लिएको भन्ने मिसिल संलग्न कागजातबाट देखिएको परिप्रेक्ष्यमा उक्त जग्गा वनक्षेत्र कायम गर्नेतर्फ आवश्यक कारवाही गर्ने भनी गरेको वन विभागको मिति २०६३।३।२५ को निर्णय एवं तत्सम्बन्धी कामकारवाही कानूनअनुरूप भए गरेको नदेखिँदा सो निर्णय समेतका कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६७ साल माघ ९ गते रोज १ शुभम् ।

१९

**मा.न्या.श्री बलराम के.सी. मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको रिट.नं. WO-०९०३, उत्प्रेषण परमादेश, *मोहन यादव वि. नेपाल दूर सञ्चार कं. लि.का सञ्चालक समिति समेत*

दरबन्दी रहेको कार्यालयबाट अन्यत्र काजमा गएकोलाई दरबन्दी रिक्त मान्न मिल्दैन । मिति २०६५।११।१३ मा प्रकाशित सूचनाबमोजिम १ वर्षभित्र पद रिक्त भएमा मात्र प्रतीक्षा सूचीका उम्मेद्वारलाई नियुक्ति दिइने विनियमावलीको व्यवस्था रहेको र उक्त स्थानको पद मिति २०६६।१२।९ मा मात्र अर्थात् १ वर्ष अवधि व्यतीत भएपछि मात्र रिक्त हुन आएको देखिएको र १ वर्षभित्र रिक्त पदमा नियुक्ती गर्न सकिने हुँदा यी निवेदकलाई बाहेक गरी निववेदलाई भेदभाव र पक्षपात गरी प्रतीक्षासूचीको अन्य ७ जनालाई नियुक्ति दिई यी रिट निवेदकलाई नियुक्ती नदिएको भन्न नमिल्ने ।

इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल फागुन १६ गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६२ सालको दे.पु.नं. ८५३२, दर्ता बदर गुठी कायम, *कृष्णकुमार शाही वि. मु.स. गर्ने दिनेशप्रकाश कोइराला*

ऐतिहासिक दस्तावेज समेतका प्रमाणबाट गुठी जग्गा देखिएकोमा त्यसको लगत गुठी संस्थानमा रहनु, नरहनु नै सर्वाधिक महत्वपूर्ण कुरा होइन । त्यसमा पनि गुठी संस्थानको लगतमा उक्त जग्गाको लगत रहँदै नरहेको भन्ने पनि होइन । आफूकहाँ रहे भएको लगत र ऐतिहासिक दस्तावेजहरूको कानूनी अध्ययन, अन्वेषण नगरी गुठीको कुनै कार्यालयले गुठीलगायत सो जग्गा नदेखिएको भन्ने कुनै बेला लेखिदिँदैमा त्यसको अस्तित्व र स्वामित्व परिवर्तन हुन नसक्ने ।

मुद्दा पर्दापर्दैको अवस्थामा भएका हक हस्तान्तरण व्यवहारले कानूनी मान्यता नपाउने तथा मूल स्रोत नै कायम रहन नसकेपछि सोही स्रोतबाट टुक्रिएर गएका अन्य जग्गाको छुट्टै अस्तित्व कायम रहन नसक्ने हुँदा कि.नं. २१७ बाट विभिन्न मितिमा कित्ताफोड भै कायम भएका अन्य कित्ताका जग्गाहरूको परिवर्तितस्वरूप कायम रहन नसक्ने हुँदा विवादित जग्गाको रैकरको लगत कट्टा गरी जग्गाधनीमा पशुपति बाँदर परेवा गुठी कायम हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल मंसिर १२ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६२ सालको दे.पु.नं. ८३२२, निर्णय दर्ता बदर समेत, *बलराम अमात्य वि. चैत्यनन्द बज्राचार्य समेत*

नक्सा मुचुल्का समेतबाट विवादित जग्गा सार्वजनिक प्रकृति र उपभोगको भन्ने देखिएको हुँदा कि.नं. १४१३ को जग्गा सार्वजनिक कायम हुने ।

- यसै लगाउको २०६२ सालको दे.पु.नं. ८३२१, फैसला बदर, *बलराम अमात्य वि. चैत्यनन्द बज्राचार्य समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल कात्तिक ८ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६४ सालको दे.पु.नं. १२६८, अंश दर्ता, *महावीरप्रसाद गुप्ता वि. सुकदेवप्रसाद गुप्ता समेत*

लिखतमा नै कुनै व्यक्तिलाई सेवा सुसार गरेबापत कसैले दान बकस प्राप्त गर्दछ भने त्यो निजीरूपले नै प्राप्त गरेको मान्नुपर्ने हुन्छ । एउटाले गरेको सेवा वा रिझबापत खुशी भएर दान वा बकसदाताले सेवा गर्नेको सगोलको सबै अंशियारको अंश हक लाग्ने गरी दान वा बकस दिँदैन । सेवा गर्नेको व्यक्तिगत हकभोगका लागि नै बिनामूल्य दिएको हुन्छ भन्ने स्वाभाविक रूपले विश्वास गर्नुपर्ने कुरा हो । दान वा बकस पाएकोमा पनि निजी रूपले पाएको हो वा सगोलमै बण्डा लाग्ने गरी पाएको हो भन्ने विवादको सिर्जना गर्नु र दान वा बकस पाएकोमा पनि निजी रूपले पाएको हो भन्ने कुरा प्रमाणित गर्न सो बकस पाउनेमाथि थप प्रमाणको भार सिर्जना गर्नु न्यायपूर्ण नदेखिने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल कात्तिक ८ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६३ सालको दे.पु.नं.-CI-०७८७, बाटो खिचोला मेटाई हक कायम गराई पाऊँ, *जमुना महर्जन समेत वि. प्रेमकृष्ण शाही*

दाता तथा परदाताले साविक कि.नं. ४११ को जग्गा २०४८।५।२४ मा प्रत्यर्थी वादी समेतका अंशियारहरू बीच चलेको अंश मुद्दामा भएको मिलापत्रबाट प्राप्त भएको् र सो कित्ताकाट कि.नं. ४०९, ४०५ र ४०७ का जग्गामा आवत जावत गर्ने ३ फीटको बाटो दिने शर्त रहेको अवस्थामा दाताले नै स्वीकार गरेको कुरालाई यी प्रतिवादीहरूले अहिले आएर त्यो होइन वा सो बाटो कायम नभएको भनी इन्कार गर्न सक्ने अवस्था देखिन नआउने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल मंसिर २७ गते रोज २ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको CI-०५०७, लिखत दा.खा. दर्ता बदर, *सुन्दर चन्द वि. कर्णबहादुर विष्ट*

लिखत अस्तित्वहीन भै नयाँ लिखत खडा भैसकेपछि मात्र यी पुनरावेदक वादीको मिति २०६१।१२।२३ को लिखत बदरमा फिराद परेको पाइन्छ । तर सो जग्गा पछि खरीद गरी लिने व्यक्ति केशवबहादुर ठगुन्नालाई विपक्षी बनाउन र पछि सिर्जना भएको उक्त मिति २०६२।१।२७ को लिखतलाई बदर गराई माग्न दावी लिएको भने देखिँदैन । जुन व्यक्तिका नाममा हाल जग्गा दर्ता कायम छ सो व्यक्तिलाई सुनुवाईको मौका नदिई निजलाई बुझ्दै नबुझी निजका नामको दर्ता र निजले खरीद लिएको लिखत बदर हुनु प्राकृतिक न्यायको सिद्धान्त समेतबाट नमिल्ने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०७५६, CI-७५७, खान लाउन दिलाई पाऊँ, *यसोदा खतिवडा वि. धनमाया खतिवडा समेत, धनमाया खतिवडा समेत वि. यसोदा खतिवडा*

पुनरावेदक वादीले शुरू फिरादमा मासिक खान लाउन माग गरेको रकम यो यति कारणले बढी हुँदा दिन नसक्ने र यो यति रकमसम्म दिन

सक्ने सामर्थ्य रहेको भनी वस्तुगत तथ्यको आधारमा खण्डन गरी दिन सक्ने रकम किटान समेत गरेको नखिएकोले फिराद दावीबमोजिम पुनरावेदक वादीले प्रतिवादीबाट मासिक रू. ५०००।- पाँच हजारका दरले खान लाउनबापत माना चामल दिनुपर्ने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७-WO-०४५३, उत्प्रेषण परमादेश समेत, *रमेश भट्टराई समेत वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*

निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ बमोजिम कार्यसम्पादन तथा मूल्याङ्कनद्वारा भएको बढुवामा नियुक्ति लिई नसकेको र सो नियुक्ति बदर गराउन विपक्षी धनकुमार राईले निवेदन समेत दिइसकेको अवस्थामा लोकसेवाद्वारा लिइएको विज्ञापन नं. १३४९/०६६-६७ को शाखा अधिकृत, प्रशासन सेवा, राजश्व समूह, आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा गरिने बढुवामा सामेल हुन पाउने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

इति संवत् २०६७ साल मंसिर २७ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६४-WO-०१०४, उत्प्रेषण परमादेश समेत, *टेकबहादुर थापा क्षेत्री वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

निवेदक टेकबहादुर थापा क्षेत्रीले कानूनको म्यादभित्र जग्गाको मुआबजास्वरूप रू. ६,३४,८७५।- (अक्षरूपी रू. छ लाख चौतीस हजार, आठसय पचहत्तर मात्र) रकम दिलाई भराई पाऊँ भनी निवेदन दिन आएमा कानूनबमोजिम सो रकम निज निवेदकलाई भुक्तानी दिनु, दिन लाउनू भनी विपक्षीहरू राष्ट्रिय खेलकुद परिषद् समेतको नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

इति संवत् २०६७ साल मंसिर २७ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको-WH-००५७, बन्दीप्रत्यक्षीकरण, *शशीधर खड्का वि. महानगरीय प्रहरी वृत्त बालाजु समेत*

निवेदक रूपा थापालाई कानूनबमोजिम रीत पुऱ्याई म्याद थप गरी केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ अन्तर्गतको मुद्दामा अनुसन्धान र तहकीकातको लागि थुनामा राखेको देखिएको एवं विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ताबाट सो म्यादभित्रै मिति २०६७।११।१७ सम्ममा अनुसन्धान तहकीकातको कार्य पूरा भई अभियोगपत्र दायर हुने अवस्था रहेको भनी इजलाससमक्ष प्रतिवद्धतासहित अनुरोध गरेको पाइएकोले यससम्बन्धमा थप आदेश गरी रहनु परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६७ साल फागुन १५ गते रोज १ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६४ सालको फौ.पु.नं. ०९५५, अंश चलन, *संरक्षक समेत लक्ष्मी खत्री वि. विष्णुराज खत्री समेत*

अंश मुद्दाको फिराद परेपछि अर्थात् मानो छुट्टिएको मितिपश्चात् नयाँ अंशियार कायम गर्ने कार्य न भै फिराद पर्नुभन्दा अघि कायम रहेको कुनै अंशियारलाई वादीले वा प्रतिवादीले अंशियार भनी नदेखाएकै कारणले तथ्य र निश्चित प्रमाणबाट अरू पनि अंशियार देखिन आए निजलाई अंशियार होइन भनी अंशहकबाट वञ्चित गर्न कानूनसँगत नहुने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल चैत २ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको CI-दे.पु.नं. ५८७, लिखत बदर, दर्ता बदर, *हिरीयादेवी वि. भुटन मण्डल*

अनावश्यक एउटा नम्बर लेखियो भन्दैमा अन्य कानूनहरूको जिकीर अनदेखी गर्न मिल्दैन। तथ्य र कानूनको सुन्दर समायोजन नै न्याय हो। तथ्यले मुद्दाका कुनै पक्षलाई न्यायको आवश्यकता दर्शाउँछ र सारवान् तथा कार्यविधि कानूनले त्यसलाई अंगीकार पनि गर्दछन् भने अति प्राविधिकतामा न्यायकर्ता रूमलिन हुदैन। अति प्राविधिकताले यान्त्रिकतालाई प्रश्रय दिन्छ। न्याय मानवीय संवेदनामा आधारित हुनुपर्ने।

इजलास अधिकृतः हरिहर पौडेल
कम्प्युटरः विदुषी रायमाभी
इति संवत् २०६७ साल माघ ४ गते रोज ५ शुभम्।

- यसै लगाउको २०६३ सालको फौ.पु.नं. ६८०, जालसाज, *हिरीयादेवी वि. भुटन मण्डल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको फौ.पु.नं. ०६६४, मानव ओसारपसार तथा बेचबिखन, *नेपाल सरकार वि. गोपाल मिश्र*

प्रतिवादीले दावीबमोजिम बेचबिखन गरेको भए कहाँ के कसरी बेचबिखन गरिएको हो भन्ने कुराको तथ्यको अनुसन्धान गरी भारत विदेशमा अन्य कोही व्यक्तिले लगेको भए के कसरी लगी बेचबिखन गरेको भन्ने तथ्यतर्फ प्रमाण जुटाउने कोशिश वादी पक्षतर्फबाट नगरी केवल जाहेरी व्यहोरालाई मात्र आधार मानी मानव बेचबिखन गरेको तथा ओसारपसार गरेको भनी अनुमान र शंकाको आधारमा मात्र अभियोग दायर गरेको देखिन आएबाट केवल शंकाको भरमा मात्र अभियोग ठहर गर्न नमिल्ने।

इजलास अधिकृतः हरिहर पौडेल
कम्प्युटरः विदुषी रायमाभी
इति संवत् २०६७ साल माघ २३ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. १२३५, परमादेश, *कृष्णहरि श्रेष्ठ वि. जिल्ला प्रहरी कार्यालय धादिङ*

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ आउनु पूर्व भएको घटनाको सम्बन्धमा सोही बेला प्रचलित ऐन सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ बमोजिम कारवाही चलाउन पर्नेमा, २०४९ कै ऐनलाई अँगाली जाहेरी दरखास्त लिई दर्ता गरेको देखिन्छ। ऐनमा भएको कानूनी व्यवस्था एवं हदम्यादको कुनै विचारै नगरी धेरै लामो समय व्यतीत भैसकेपछि पछि आएको ऐनको सहारा लिई ठगीमा कारवाही हुनुपर्ने भन्ने माग कानूनअनुरूपको नदेखिने।

इजलास अधिकृतः हरिहर पौडेल
कम्प्युटरः विदुषी रायमाभी
इति संवत् २०६७ साल माघ ४ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. CI-०९०७, हक कायम, *मायादेवी वैश्य वि. वसन्तकुमार श्रेष्ठ*

२०५९।९।१८ मा यिनै प्रतिवादीले नेपालगञ्ज नगरपालिकामा दिएको निवेदनमा विवादित घर वादीले बनाएको स्वीकारेबाट निजको प्रतिउत्तर जिकीर खण्डित भएको छ। आफैंले दिएको निवेदनमा रहेको र स्वीकारिएको तथ्य विपरीतको कथनलाई प्रमाण ऐन, २०३१ को दफा ३४ ले समेत अमान्य घोषित गर्दछ। तसर्थ, घर वादीको ठहऱ्याई बाँकी जग्गामा वादीको हक कायम गराई पाऊँ भन्ने वादी दावी पुग्न नसक्ने।

इजलास अधिकृतः हरिहर पौडेल
कम्प्युटरः विदुषी रायमाभी
इति संवत् २०६७ साल माघ २३ गते रोज १ शुभम्।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६५ सालको फौ.पु.नं. ०१७२ जालसाज, *मायादेवी वैश्य वि. बसन्तकुमार श्रेष्ठ*
- २०६५ सालको फौ.पु.नं. ०१७३ जालसाजी, *मायादेवी वैश्य वि. बसन्तकुमार श्रेष्ठ*

६

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको फौ.पु.नं. ०७५८, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. सानुभाई सुनार समेत*

ज्यान मार्ने मनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरू जुनसुकै कुराको उद्योग गरी मार्नेसम्मको काम गरेको कुनै कारणले ज्यान मर्न पाएको रहेन छ भने त्यस्तोमा ज्यान मार्ने उद्योगमा मुद्दा चलाउन सकिने देखिन्छ । तर प्रस्तुत मुद्दामा प्रतिवादीहरूबाट त्यसप्रकार ज्यान मार्ने मनसायले नै कुटपीट गरेको वा ज्यान मार्ने नै मनसायले शरीरमा तेजाब खन्याई दिएको भन्ने कुराको प्रमाण वादी पक्षतर्फबाट प्रस्तुत हुन सकेको देखिँदैन । एक अस्पतालमा उपचार हुन नसकी अर्को अस्पतालमा उपचारका लागि लगिएको कारणबाट ज्यान मर्न जाने स्थिति रहेको भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल माघ २३ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६५-WO-१००५, उत्प्रेषणयुक्त परमादेश, पुष्पमुनी बज्राचार्य समेत वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत,

निजामती सेवा ऐनमा सेवा शर्त सुविधाको प्रत्याभूति दिइनुका कारणमा कर्मचारीहरूको सेवा, शर्त, सुविधाको निश्चितताको लागि हो । सेवा, शर्त, सुविधाको निश्चितता नहुने हो भने निजामती कर्मचारीलाई मर्का पर्ने मात्र नभई अनिश्चतताको अवस्था पर्नसक्ने अवस्था हुन्छ । नेपाल सरकारले २०६५।६।१९ को निर्णयबमोजिम निवेदक कर्मचारीहरूले खाईपाई आएको ग्रेड सुविधा कटौती गर्दा ऐनले निर्दिष्ट गरेको प्रक्रिया अपनाई सेवा शर्त सुविधामा असर पर्ने कर्मचारीहरूको मञ्जूरीले मात्र सुविधा हेरफेर गर्नुपर्ने ।

२०५७।४।१ भन्दा अघि नै नियुक्ति पाई हाल बढुवा (तहवृद्धि र स्तरवृद्धि) भएको निवेदक कर्मचारीहरूलाई सेवामा पश्चातदर्शी किसिमले असर पर्ने गरी अघि नै हासिल भै सकेको लाभ वा सुविधा कटौती गर्दा कर्मचारीहरूलाई असर परेको देखिएको र मिति २०५७।४।१ पूर्व र पश्चात बढुवा वा स्तर वृद्धि भएका प्राविधिक कर्मचारीहरूको बीचमा द्रष्टव्यले खडा गरेको पृथक पृथक स्थितिको विवेकपूर्ण आधार नदेखिएको र २०५७।४।१ अघि नियुक्ति पाई सोपश्चात् बढुवा पाउने कर्मचारीहरूको हकमा मर्का पर्ने गरी गरेको भेदभावपूर्ण निर्णय नेपालको अन्तरिम संविधानले व्यवस्था गरेको धारा १३ को समानताको हक र समानताको सिद्धान्तविपरीत समेत देखिएकोले उत्प्रेषणको आदेशद्वारा द्रष्टव्यले खडा गरेको भेदभावपूर्ण व्यवस्था बदर हुने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङनाम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६६ साल चैत ३ गते रोज ३ शुभम् ।

८.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको दे.पु.नं. ०८४३, घर खाली चलन, *छोटेलाल साह सोनार वि. वासुदेवप्रसाद सराफ*

आफ्नो हक दर्ताको अचल सम्पत्ति दर्तावालाले बेचबिखन गर्न पाउने हक संविधान र प्रचलित कानूनले दर्तावालामा रहेको देखिनाले बेचबिखन हक हस्तान्तरण गर्न नपाउने भन्ने उल्लेख भएको कुरा करार ऐन, २०५६ को दफा १३ को (ङ) बमोजिम प्रचलित कानूनको विरूद्धमा भएको वा प्रचलित कानूनले निषेध गरेको कुरामा भएको देखिनाले त्यस्तो करार बदर हुने करारभित्र पर्ने देखिँदा सम्झौताको शर्त (क) मा १० वर्षसम्म हक हस्तान्तरण गर्न नपाउने भनी भएको शर्त करार ऐन, २०५६ को दफा ८८ बमोजिम बदर हुने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल माघ ५ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको दे.पु.नं. ०२२३, लिखत बदर गरिपाऊँ, *सुरतबहादुर सेटी समेत वि. नरबहादुर सेटी*

फिराद दावीमा मेरो समेत हक मेटाई बुबा नाम दर्ताको आफ्नो समेत अंश भाग लाग्ने जग्गा विपक्षी २ भाइले अंशबण्डा गरी पास गरेकोले उक्त

लिखत कागज लेनदेनको १० नं. बमोजिम र अंशबण्डाको १९(१) नं. बमोजिम बदर गरी आफ्नो ३ भागको १ भाग अंश दिलाई पाऊँ भन्ने दावी भएपछि वादी दावीको सम्पूर्ण कुरामा प्रवेश गरी निर्णय गर्नुपर्नेमा अंशको दावीतर्फ फैसलामा केही नबोली लिखत बदर सम्बन्धमा मात्र निर्णय गरेको शुरू जिल्ला अदालतको फैसलामा अ.बं. १९२ नं.को प्रत्यक्ष त्रुटि देखिँदा शुरू डडेल्धुरा जिल्ला अदालतको फैसला बदर हुने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल माघ ५ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६६ सालको दे.पु.नं. ०१५८, जालसाज, *सुरतबहादुर सेटी समेत वि. नरबहादुर सेटी* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको दे.पु.नं. ११५८, फैसला बदर, *सरधवा अहिर्नी समेत वि.विन्ध्याञ्चल अहिर समेत*

ऋण खाने अंशियार विन्ध्याञ्चलले आफूले मात्र ऋण लिएको र आफूले मात्र तिर्ने भनी अन्य अंशियारहरूलाई ऋणको दायित्वबाट उन्मुक्ति दिएको अवस्थामा सो ऋणको साँवा ब्याज निजबाट नै भरी पाउने अवस्था देखिँदादेखिदै ऋण नखाने यी अंशियार वादीहरूको अंशभागबाट समेत भरी पाउने ठहर गर्न नमिल्ने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल माघ २ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको फौ.पु.न. १६७, लागू औषध खैरो हिरोइन, *नेपाल सरकार वि. महेन्द्र थापा*

प्रतिवादी महेन्द्र थापाले लागू औषध खरीद गरेको कुरामा इन्कारी देखिए तापनि सेवन गर्नलाई सहअभियुक्तसँग भारत रक्सौलसम्म गई सँगै फर्की आएको कुरामा अधिकारप्राप्त अधिकारीसमक्ष सावित रहेको देखिनाले प्रतिवादी महेन्द्र थापालाई लागू औषध (नियन्त्रण) ऐ.ऐनको दफा ४ को देहाय (छ) को कसूरमा सोही ऐनको दफा १४(१)(ङ) बमोजिम १ वर्ष कैद हुने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल माघ ५ गते रोज ४ शुभम् ।

११

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको फौ.पु.न. CR-०४४४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. निरज बस्नेत*

पूर्व रिसइवी रहेको कारण र ज्यान मार्नु परेको भन्ने कुराको प्रमाण वादी पक्षतर्फबाट पेश दाखेल हुनसकेको मिसिलबाट देखिँदैन । रक्सी सेवन गरेकी पत्नीले औंला टोकिदिएको रीस थाम्न नसकी साधारण लट्ठीले हिर्काएको कारण श्रीमतीको मृत्यु हुनगएको भन्ने बयानबाटै देखिइरहेको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसूरमा प्रतिवादीलाई १० वर्ष कैद हुने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल माघ ५ गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको फौ.पु.नं. CR-०४२४, फौ.सा.नं. ००६४, कर्तव्य ज्यान, *पदमबहादुर राई वि. नेपाल सरकार*

प्रतिवादी पदमबहादुर राईले मृतक मचिन्द्र राइलाई मार्ने नै मनसायले जोखिमी हतियार खुकुरीले टाउको तथा घाँटीमा प्रहार गरी ज्यानै जानेसम्मको कर्तव्य गरी मचिन्द्र राइको मृत्यु भएको देखिन आएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसूरमा ऐ. १३(३) नं. बमोजिमको सजाय हुने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६७ साल माघ २६ गते रोज ४ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको WO-०८९५, उत्प्रेषण, परमादेश, *अधिवक्ता हेममणि सुवेदी वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपाल सरकार, मन्त्रिपरिषद्ले गरेको मिति २०६६।१२।६ को गैरकानूनी निर्णय स्वयं मन्त्रिपरिषद्ले नै मिति २०६६।१२।२९ मा नै बदर गरी ऐन नियमको प्रक्रिया पूरा गराएर MRP छपाईसम्बन्धी निर्णय एवं कामकारवाही गर्नु गराउनू भनी परराष्ट्र मन्त्रालयको नाउँमा मन्त्रिपरिषद्को मिति २०६६।१२।६ को निर्णय पहिले नै बदर भैसकेकोले बदर भैसकेको निर्णय उत्प्रेषणको आदेशले बदर गरिरहन आवश्यक नपर्ने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल भदौ ३ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६६ सालको WO-०८९३, उत्प्रेषण समेत, *नरबहादुर के.सी. (खत्री) वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा,** २०६५ सालको ०६५-WO-०२७७, उत्प्रेषणयुक्त परमादेश, *बिणा श्रेष्ठ वि.बालगोपाल श्रेष्ठ समेत*

मुद्दामा प्रतिवाद गर्ने अवस्था नै नपाउने स्थिति सिर्जना गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।२।४ मा भएको तामेली म्याद र सो म्यादका आधारमा काठमाडौं जिल्ला अदालतबाट मिति २०६४।९।२७ मा भएको फैसला प्राकृतिक न्यायको सिद्धान्तविपरीत समेत भएबाट उक्त म्याद र फैसला समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब यी रिट निवेदिकाका नाममा कानूनबमोजिम रीतपूर्वकको म्याद पुनः जारी गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

इति संवत् २०६७ साल मंसिर १० गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६ सालको CR-०१७५, कर्तव्य ज्यान, *कुलबहादुर राई (लिम्बू) वि. नेपाल सरकार*

प्रतिवादी कुलबहादुर राई(लिम्बू) ले प्रहार गरेको फलामे रडको चोट पीरले मृतकको मृत्यु भएको भन्ने जाहेरी दरखास्त पुष्टि भै प्रतिवादी कुलबहादुर राई(लिम्बू) लाई आरोपित कसूरमा अभियोग दावीबमोजिम ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

प्रतिवादीले प्रहार गरेको उक्त रड मार्ने मनसायले पहिलेदेखि तयार गरी ल्याएको नदेखिई तत्काल उत्पन्न परिस्थितिमा अकस्मात खोजी गर्दा भेटी प्रहार गरेको देखिन्छ। त्यसका साथै मृतकले मादक पदार्थ सेवन गरी दाजुसँग भाउजुले पैसा चोरेको भन्ने विषयमा विवाद सिर्जना गरेका र निजहरूको पृष्ठभूमि एवं कामको प्रकृति समेतले मादक पदार्थ सेवन गरी सामान्य कुरामा पनि उग्र प्रकृति देखाउने मनोविज्ञान देखिने भै परिणामस्वरूप भएको वादविवादले गम्भीर रूप लिई मृतकको मरणसम्मको स्थिति देखिएकोले कैद वर्ष १०(दश) सजाय हुने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल साउन २४ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६५ सालको CR-०१८३, सवारी ज्यान, *नेपाल सरकार वि. दीपप्रसाद बजगाई*

बच्चाले ठूलो मानिसको हात छुटाई एक्कासी बाटो काट्न अगाडि बढेको अवस्थामा प्रतिवादीले चलाएको गाडीले ठक्कर लागेको कारण दुर्घटना हुन पुगेको तथ्य मिसिल प्रमाण कागजबाट स्थापित भएको र प्रतिवादी चालकले पहिलो पटक यस्तो दुर्घटना गरेको स्थिति भएबाट प्रतिवादीको कसूर सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) आकर्षित गरी सजाय हुने भएको स्थितिमा मुलुकी ऐन, दण्ड सजायको ११क बमोजिम लागेको कैद महिना ६ स्थगित गरी सो कैदबापत दिन एकको

पच्चीस रूपैयाका दरले हुन आउने रकम बुझी लिइदा समेत प्रतिवादीलाई हुने सजायको प्रतिरोधात्मक प्रभाव पर्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल भदौ १७ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६ सालको CR-०१०७, CR-०३९२, जबर्जस्ती करणी (हाडनाता), *नेपाल सरकार वि. राजेन्द्र (नाम परिवर्तन), राजेन्द्र (नाम परिवर्तन) वि. नेपाल सरकार*

तत्कालै स्वास्थ्य परीक्षण नगराई लामो समयपछि स्वास्थ्य परीक्षण गर्दा स्वाभाविक रूपमा करणीका प्रमाणहरू नष्ट वा लोप हुने सम्भावना रहन्छ । यस्तो अवस्थामा मिसिल संलग्न अन्य प्रमाणबाट जबर्जस्ती करणीको वारदात भएको पुष्टि भएको देखिएमा स्वास्थ्य परीक्षण प्रतिवेदनले प्रमाणित महत्व राखी रहन्छ भन्न मिल्ने हुँदैन । स्वयं पीडितको भनाई, जाहेरी दरखास्त, जाहेरवालीको बकपत्र एवं घटनालाई प्रत्यक्ष देख्ने प्रतिवादीकै छोरा सुजन (नाम परिवर्तन) को कागज समेतका स्वतन्त्र प्रमाणबाट प्रतिवादीले पीडितलाई जबर्जस्ती करणी गरेको कुरा पुष्टि भैरहेको देखिँदा करणीको कुनै लक्षण नदेखिएको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदनलाई मात्र सिरान हाली प्रतिवादीलाई हाडनातामा जबर्जस्ती करणी गरेको कसूरबाट सफाइ दिन नमिल्ने ।

इजलास अधिकृतः रमेश ज्ञवाली

कम्प्युटरः अमिरत्न महर्जन

इति संवत् २०६७ साल साउन २४ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको WO-१३४२, उत्प्रेषणयुक्त परमादेश, *तोयनाथ भट्टराई वि. व्यवस्थापिका संसद सचिवालय सञ्चालन तथा व्यवस्थापन समिति समेत*

बढुवा समितिले बढुवाको लागि गरेको सिफारिश र सोको आधारमा भएको बढुवा हेर्दा बढुवा समितिको सिफारिशमा नै पर्न नसकेको व्यक्तिले सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिबाट बढुवाको नियुक्ति पाउनुपर्छ भन्न नसक्ने र बढुवा समितिले व्यवस्थापिका संसद सचिवालयसम्बन्धी ऐन र नियमले व्यवस्था गरेको कानूनी प्रावधानलाई आधार मानी गरेको मिति २०६७।२।१८ को बढुवा निर्णयमा कानूनी त्रुटि नदेखिने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल कात्तिक १६ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको CR-०४८८, CR-०६००, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पदमबहादुर राई समेत, शशीभूषण राई वि. नेपाल सरकार*

प्रतिवादीहरू पदमबहादुर र शशीभूषणले मृतकलाई सामूहिक रूपमा कुटपीट गरेका र सोही चोट पीरले मृतकको मृत्यु भएको भन्ने देखिए तापनि यसैले मारेको हो वा यसैको चोट पीरले मृतकको मृत्यु भएको हो भन्ने कुरा प्रमाणबाट देखिन नआएको अवस्थामा ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय गर्नुपर्ने भई सोहीबमोजिम प्रतिवादीहरू पदमबहादुर राई र शशीभूषण राईलाई जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः रमेश ज्ञवाली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल साउन २३ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको CR-०२५७, लागू औषध खैरो हिरोइन,*सुया तामाङ्ग वि. नेपाल सरकार*

लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ ले लागू औषध ओसारपसारमा बन्देज लगाएको पाइँदा जानी बुझी वा अन्जानबस लागू औषध ओसारपसार गरेको अवस्थामा समेत कानूनविपरीत कार्य गरेको मानिने देखिन्छ । आफ्नो साथबाट लागू औषध बरामद भएको होइन भनी प्रतिवादीले भन्न नसकी निजले बोकेको झोलाबाट बरामदी लागू औषध बरामद भएको अवस्थामा अर्कै व्यक्तिको झोला बोकेकोमा सो झोलाभित्र अवैध

लागू औषध थियो भन्ने कुरा थाहा थिएन भन्ने प्रतिवादीको जिकीर निजको निर्दोषिताको प्रमाण हुन नसक्ने ।

इजलास अधिकृतः रमेश ज्ञवाली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल साउन २३ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ३५१२, उत्प्रेषण मिश्रित परमादेश, *तुलसीप्रसाद श्रेष्ठ वि. सीता अधिकारी समेत*

भरतपुर नगरपालिकाको मिति २०६७।९।९ को महान्यायधिवक्ताको कार्यालयलाई सम्वोधित पत्रको प्रतिलिपि हेर्दा, यी रिट निवेदन तुलसीप्रसाद श्रेष्ठ खुला विज्ञापनबाट आ.लेप. अधिकृत पदमा बढुवा हुनुभएको व्यहोरा जानकारी गराइएको भन्ने उल्लेख भएको देखिँदा सो आधारमा निवेदकको मागबमोजिमका सम्बन्धमा निर्णय गर्नुपर्ने औचित्य बाँकी नदेखिएकोले केही गर्नु नपर्ने भै प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल पुस ११ गते रोज १ शुभम् ।

- यसमा यसै प्रकृतिको २०६३ सालको रिट नं. ३५११ उत्प्रेषण मिश्रित परमादेश, *सुरजराज पौडेल वि. स्थानीय विकास मन्त्रालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ७

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-CR-५७६, जबर्जस्ती चोरी, *प्रकाशबहादुर शाही वि. नेपाल सरकार*

प्रतिवादी प्रहरी कर्मचारी भएको र निजले प्रहरीको कर्तव्य पूरा गर्ने प्रयोजनको लागि प्राप्त गरेको प्रहरीको पद, पोशाक र आफूसँग भएको हतियार समेतको आधारमा डर त्रास सिर्जना गरी जाहेरवालालाई निजहरूसँग भएको रकम दिन विवश तुल्याई रकम लिएको पुष्टि भएको अवस्थामा निजको कार्यलाई चोरीको ४ नं. ले गरेको जबर्जस्ती चोरीको परिभाषाभित्रको आपराधिक कार्य मान्नुपर्ने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CI-००२७, मोही लगत कट्टा गरिपाऊँ, *लोकरत्न शाक्य (धाख्वा) समेत वि. बाबुरत्न महर्जन*

विभिन्न कागजातमध्ये कतै जीतलाल, कतै टीकाराम र कतै टिकरा भनी लेखिएको देखिए तापनि ती वास्तवमा एकै व्यक्तिका नाम हुन् र सामान्य अज्ञानता वा लापरवाहीबाट भिन्न भिन्न कागजमा भिन्न भिन्न नाम लेख्ने, लेखाउने गरेकोसम्म देखिएको छ । यसबाट स्थापित मोहीको हक निजको हकदारमा हस्तान्तरण हुन नसक्ने भन्ने होइन । यस्तोमा स्थलगत सर्जमीनको आधार लिनुलाई कुनै कारणले अनुचित मान्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल मंसिर १७ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CI-००२८, मोही नामसारी, *लोकरत्न शाक्य (धाख्वा) समेत वि. बाबुरत्न महर्जन*

मोहीसम्बन्धी कुनै उजूरी वा मुद्दामा मोही वा निजको हकदारले तारेख गुजारेमा पनि त्यसबाट मोहीयानी हकमा कुनै नकारात्मक प्रभाव पर्न सक्दैन । यसको विपरीत सामान्य न्यायिक प्रक्रियाअन्तर्गत कारवाही भएका सामान्य दुनियाँवादी मुद्दामा वादीले तारेख गुजारेमा सो मुद्दा प्राविधिक रूपले डिसमिस हुन्छ र सो विवादमा कानूनीरूपले वादीको हक पनि समाप्त हुन्छ । तर डिसमिसको परिणामबाट कुनै मोहीको हकवालाले मोही हकको नामसारी गराउनबाट बञ्चित हुन सक्दैन ।

त्यसकारण पनि मोही नामसारी हुँदा अन्य सामान्य मुद्दासरह डिसमिस हुन सक्ने प्रकृतिको हो भन्ने अर्थ गर्न नमिल्ने ।
इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल मंसिर १७ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६४-CI-०५७१, हालैदेखिको बकसपत्र बदर, *रामकुमरदेवी वि. सुमित्रादेवी समेत*

कसैले पनि आफ्नो हक स्वामित्वभन्दा बाहिरको सार्वजनिक जग्गा समेत घुसाई हक हस्तान्तरण गर्न पाउने होइन । कसैले सार्वजनिक बाटोको जग्गालाई आफ्नो जग्गामा घुसाई हालैको बकसपत्र गरी वा अन्य तरहले अन्य व्यक्तिलाई हक हस्तान्तरण गरेको भए सो लिखतले कानूनी मान्यता पाउन सक्ने अवस्था नहुने ।
इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६४-CI-०५६१, सार्वजनिक बाटो खिचोला चलन, *रामकुमर देवी वि सुमित्रा देवी समेत*

मिति २०६०।८।१ को नक्साको न.नं. ५ मा देखाइएको मूल सडकसम्मको वादीहरूको पहुँच न.नं. ७(क), ७(ख) मा देखाइएको ३ फीटे बाटोबाट भएको देखिएको र सो समेतको जग्गा गाभी प्रतिवादीहरूले आपसमा बकसपत्रको लिखतद्वारा लिनु दिनु गरेको देखिँदा विवादित झगडा जनिएको सार्वजनिक निकास बाटो जग्गाहरूमा खिचोला गरेको स्पष्ट देखिन आउने ।
इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल पुस १८ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-WO-०९१६, उत्प्रेषण, *राजदेवप्रसाद यादव वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत*

बढुवा पाएको कर्मचारीले सो पदमा आफ्नो बढुवापछि भएको विज्ञापनमा मुद्दा परेको छ भन्दैमा पुनः उम्मेद्वार हुन नसक्ने, उम्मेद्वार भएमा आफ्नो बढुवा त्रुटिपूर्ण भएको मानिई विचाराधीन मुद्दामा समर्पणको सिद्धान्त आकर्षित हुने र पछिबाट सो बढुवा निर्णय बदर भएमा बीचको विज्ञापनअनुसार सोही तहको पदमा बढुवा पाउने कर्मचारीको भन्दा निजको अङ्क बढी भई सो पछिल्लो बढुवाबाट पनि पहिले बढुवा पाएको कर्मचारी वञ्चित नहोस् भन्ने मात्र कानूनको मनसाय हो । यस विशेष व्यवस्थाको व्याख्या गर्दा नियम ८९ख (१) मात्र नहेरी उपनियम (२) र (३) लाई पनि सँगसँगै अध्ययन गर्नुपर्ने हुन्छ । एउटै नियममा रहेको उपनियमका व्यवस्थाहरूलाई समग्रमा अध्ययन गरी समुचित व्याख्या गर्नुपर्ने ।
इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल पुस २० गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-WO-०७७८, उत्प्रेषण मिश्रित परमादेश, *नेत्रबहादुर भण्डारी समेत वि. कृषि तथा सहकारी मन्त्रालय समेत*

समाजशास्त्र/मानवशास्त्रकोस्नातकोत्तर तहको शैक्षिक उपाधि बढुवाको प्रयोजनको लागि माथिल्लो शैक्षिक योग्यताको रूपमा निजामती सेवा ऐन, २०४९ को दफा २४घ को उपदफा (१) को खण्ड (ख) अनुसार न्यूनतम् शैक्षिक योग्यताभन्दा माथिको सम्बन्धित विषय हुन नसक्नेमा त्यसको विपरीत समाजशास्त्र, मानवशास्त्रको स्नातकोत्तर उपाधिलाई सम्बद्धता प्रदान गर्ने गरी सम्बद्धता निर्धारण समितिले पहिले गरेको त्रुटिपूर्ण निर्णयलाई सो समितिले सच्याएर मिति २०६६।१०।३ मा सम्बद्धतासम्बन्धी निर्णय गरेको देखिन आएको छ । यसरी सम्बद्धता समितिको मिति २०६६।१०।३ को उक्त निर्णय कानूनी त्रुटिपूर्ण देखिन नआउने ।
इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल पुस २० गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४ सालको दे.पु.नं. ५२९, परमादेश, *मिथिला न्यौपाने वि. राष्ट्रिय वाणिज्य बैंक विराटनगर*

निवेदिकाको नाउँको जग्गा निजको मञ्जूरी बेगर विपक्षी बैंकले अनाधिकार रूपमा रोक्का राखी निवेदिकाको सम्पत्तिसम्बन्धी हकाधिकारमा आघात पुऱ्याएको स्पष्ट देखिन आयो । यसरी यी निवेदिकाको नागरिक हकमाथि आघात परेको पुष्टि भइसकेकोले निजले कानूनी उपचार पाउनु पर्ने नै हुन्छ । यस्तो अवस्थामा कानूनी उपचार प्रदान गर्नबाट र विपक्षी निकायले गरेको गैरकानूनी कार्यलाई सच्याउनबाट अदालतले इन्कार गर्न मिल्ने होइन । रिट निवेदिकाको सम्पत्तिसम्बन्धी नागरिक हकमाथि गैरकानूनी अतिक्रमण भएको देखिँदा निवेदिकाको नाउँ दर्ताको जिल्ला मोरङ, झापा वैजनापुर गा.वि.स. वडा नं. ६, कि.नं. २०६ को रोक्का राखिएको फुकुवा गर्नु भनी विपक्षीका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल पुस ८ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४ सालको दे.पु.नं. ०९५९, निषेधाज्ञा, *राधाकृष्ण मानन्धर वि. सीतादेवी देवकोटा (पोखरेल)*

विपक्षी सीतादेवी देवकोटा (पोखरेल) ले बालकृष्ण चापागाईबाट मिति२०५७।७।९ मा कि.नं. १९४९ को पूरै ०-२-२-० जग्गा राजीनामा पारीत गराई लिएको देखिनुका साथै मिति २०६४।११।१९ मा भएको नक्सा मुचुल्काको न.नं. १० मा देखिएको गेट निवेदक समेतको संयुक्त प्रयोगमा रहेको नदेखिई निवेदकको निर्विवाद हक स्थापित हुन सकेको नदेखिँदा मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल पुस ८ गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको दे.पु.नं. ०७८९, निषेधाज्ञा, *जीवराम शर्मा ढुङ्गाना वि. हस्तबहादुर बलमपाकी मगर समेत*

निवेदक नाउँ दर्ताको जग्गामा विपक्षीहरूले अतिक्रमण गरी घर बनाउने आशंका रहेको भन्ने देखिनेसम्मको कुनै वस्तुनिष्ठ आधार वा तथ्ययुक्त सबूत प्रमाण निवेदकले पेश गर्न सकेको पाइएन । निवेदकले उल्लेख गरेको मिति समयमा कुनै किसिमको वारदात नभएको भनी विपक्षीहरूको लिखित जवाफ व्यहोरा रहेको र निवेदन दावीको जग्गामा विपक्षीहरूले घेराबेरा गरी घर निर्माण गर्न लागेको भन्ने आशंकाको पुष्टि निवेदकले गर्न सकेको नपाइएको अवस्थामा निषेधाज्ञाको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल पुस ८ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको दे.पु.नं. ०५९५, निषेधाज्ञा, *सुरेश यादव समेत वि. रमेशकुमार यादव*

विवादित न.नं. १ कि.नं. ४२७ को जग्गा निवेदक तथा विपक्षीहरू कसैको पनि नभई सार्वजनिक सडकको जग्गा रहेको देखिन्छ । यसबाट उक्त जग्गामा निवेदक तथा विपक्षी कसैको पनि हक स्वामित्व हुन सक्दैन । त्यस्तो सार्वजनिक जग्गामा साधिकार निकायबाट स्वीकृति नलिई अन्य जग्गावालाको बाटो निकास बन्द हुने गरी कुनै प्रकारको संरचना वा निर्माण कार्य गर्न नमिल्ने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल पुस ८ गते रोज ५ शुभम् ।

१२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको दे.पु.नं. १००८, निषेधाज्ञा, *लक्ष्मीबहादुर पालिखे वि.मु.स. गर्ने साधना भट्टचन समेत*

फैसला कार्यान्वयन गर्ने सिलसिलामा यी निवेदकका नाममा पक्राउ पूर्जी जारी गरिएकोलाई अनधिकृत कारवाहीको संज्ञा दिन मिल्दैन । यी निवेदकको कानून र फैसलाको सम्मान आफूले गर्नुपर्छ आफूले आफ्नो कानूनी र नैतिक दायित्वको निर्वाह नगरी वास्तविकता लुकाई गलत ढंगले अधिकारको खोजी गर्ने व्यक्तिलाई अदालतले मद्दत नगर्ने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल पुस ८ गते रोज ५ शुभम् ।

१३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६-WO-२९९, उत्प्रेषण, *गौरव खरेल वि. उपकुलपति चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल समेत*

जुन सम्झौता बदरका लागि निवेदक अदालत प्रवेश गरेको हो सो को अवधि समाप्त भइसकेको देखिन्छ । तसर्थ औचित्यहीन भइसकेको प्रस्तुत निवेदनबमोजिम उत्प्रेषणको आदेश जारी हुन सक्ने देखिएन । निवेदन खारेज हुने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल पुस ५ गते रोज २ शुभम् ।

१४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६३-WO-०१६५, उत्प्रेषणयुक्त परमादेश, *श्रीकृष्ण साह तेली वि. कुना साह तेली समेत*

पहिलाको अंश मुद्दाको फैसलाबाटै यी निवेदकको अंश निवेदकको अंश भाग पनि ६ भागको १ भाग सुरक्षित गरी सकेकै अवस्थामा फैसलाअनुसार बण्डा छुट्ट्याउने कारवाहीलाई प्रयोजनहीन र निष्प्रभावी बनाउनको लागि पुनः अंश मुद्दा दिएको यस्तो स्थितिमा यी रिट निवेदकले आफूलाई थाहा जानकारी नदिई प्रतिवादीहरूको बण्डा छुट्ट्याइयो, जग्गाहरू स-साना टुक्रा हुने गरी बण्डा गरियो भन्ने जस्ता बेमनासिब तर्कको आड लिई प्रस्तुत निवेदन गरेको देखिँदा यी निवेदक सफा हातका साथ वैध कारण (Lawful Cause) लिई अदालत प्रवेश गरेको नदेखिने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल पुस ५ गते रोज २ शुभम् ।

## इजलास नं. ८

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र कमलनारायण दास,** २०६७ सालको दे.पु.नं. ०६७-CI-०२८९, निर्णय बदर जग्गा हक कायम दर्ता दा.खा., *तोरणबहादुर थापा वि. जिल्ला वन कार्यालय, कास्की*

विवादित कि.नं. ४५ को जग्गा वन ऐन, २०४९ को् दफा २(ङ) अनुसार राष्ट्रिय वनको परिभाषाभित्र समेटिएको हुँदा राष्ट्रिय वन कायम गर्ने गरी मिति २०६२।९।१९ मा निर्णय गरेको देखिएको र सो निर्णयउपर पुनरावेदक वादीले कुनै चुनौती नगरी हालसम्म उक्त निर्णय यथावत कायम रहेको देखिएको समेतबाट कास्की जिल्ला साविक ग्यारजाती गा.वि.स. वडा नं. ६ हाल कास्की जिल्ला सराङकोट गा.वि.स. वडा नं. ७ स्थित कि.नं. ४५ को १-३-३-१ क्षेत्रफल जग्गा पुनरावेदक वादीको हकभोगको जग्गा नभई राष्ट्रिय वन क्षेत्रभित्रको जग्गा भएको देखिने ।

इजलास अधिकृतः ध्रुबराज त्रिपाठी
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल फागुन ४ गते रोज ४ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रि.नं. २७६६, उत्प्रेषण, *शालिकराम फुयाल समेत वि. मालपोत कार्यालय चाबहिल समेत*

विवादको जग्गामा निवेदकहरूले आफ्नो हकभोगको यकीन स्रोत खुलाउन नसकेको र परापूर्वकालदेखि सार्वजनिक गौचरण पर्ति भएको भन्ने सर्जमीन तथा मालपोत अधिकृतको प्रतिवेदन समेतको आधारमा निवेदकहरूको नाउँको दर्ता स्रेस्ता पूर्जा बदर भै नेपाल सरकारको नाउँमा दर्ता स्रेस्ता

कायम भएको भन्ने देखिएबाट सो जग्गामा निवेदकहरूको हक स्थापित भएको नदेखिएको अवस्थामा मालपोत कार्यालयको मिति २०५८।६।२२ को निर्णय अन्यथा गर्नुपर्ने अवस्थाको नदेखिने ।

इजलास अधिकृत: अशोककुमार बस्नेत, खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६७ साल असोज ३ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६६ सालको WO-११६१, उत्प्रेषणयुक्त परमादेश, *शालिकराम फुयाल समेत प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६५ सालको CI-०१५२, परमादेश मिश्रित निषेधाज्ञा, *उमा पौडेल वि. भगलापुर माध्यमिक विद्यालय मानपकडी समेत*

भगलापुर माध्यमिक विद्यालय मानपकडी रूपन्देहीको विद्यालय व्यवस्थापन समिति समेतको मिति २०६४।९।२४ मा बसेको बैठकले "मिति २०६४।८।२३ को लिखित परीक्षा रद्ध गर्ने तथा उक्त परीक्षामा सम्मिलित ती परीक्षार्थीहरूको पुन: परीक्षा लिने" भन्ने निर्णय गरेको अवस्थामा यी निवेदिका परीक्षामा सामेल हुन नपाउने भन्ने पनि देखिन नआएकोले निजको हकमा आघात पर्न जाने आशंकाको विद्यमानता नदेखिने ।

इजलास अधिकृत: अशोककुमार बस्नेत

इति संवत् २०६७ साल पुस ८ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. प्रा.डा. श्री कमलनारायण दास,** २०६३ सालको CI-०७२१, निर्णय दर्ता बदर, *पद्मराज बज्राचार्य वि. सर्वोत्तमलाल राजभण्डारी समेत*

वादीले समयमा नामसारीको लागि कारवाही नगरी धेरै वर्षपछि मात्र निर्णय बदर गरिपाऊँ भनी दावी लिनुको चित्त बुभ्दो आधार कारण प्रस्तुत गर्न नसकेको र साविक दर्ता स्रेस्ता कायम भएका कीर्तिराजको मञ्जूरीबाट नै उक्त विवादित कि.न. ४३ को जग्गा पुरूषोत्तमलाल राजभण्डारीको नाउँमा दर्ता स्रेस्तामा संशोधन भएको देखिएको भन्ने समेत आधारमा वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत: अशोककुमार बस्नेत

इति संवत् २०६७ साल पुस १९ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६३ सालको CR-०४२०, जालसाजी, *पद्मराज बज्राचार्य वि. सर्वोत्तमलाल राजभण्डारी समेत*
- २०६३ सालको CI-०७२२, दोहोरो स्रेस्ता खारेज, *पद्मराज बज्राचार्य वि. सर्वोत्तमलाल राजभण्डारी समेत*

## इजलास नं. १०

१

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा. न्या.श्री गिरीश चन्द्र लाल,** २०६५ सालको फौ.पु.नं. ०२४४, २०६५ सालको साधक नं. ००८८, २०६५ सालको फौ.पु.नं. ०५५४, कर्तव्य ज्यान, *बहादुर तामाङ्ग समेत वि. नेपाल सरकार, नेपाल सरकार वि. राजु तामाङ्ग*

प्रतिवादीहरू बहादुर तामाङ्ग, पूर्णबहादुर तामाङ्ग र राजु तामाङ्ग मुख्य भै मृतक पेम्बा तामाङ्गलाई लाठी समेतले मृतकको शरीरको जत्रतत्र भागमा कुटपीट गरेको कारण मृतकको मृत्यु भएको देखिँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद सजाय हुने र अन्य प्रतिवादीहरू कान्छा तामाङ्ग, टेण्टी तामाङ्ग, लाक्पा दोर्जे तामाङ्ग, भाइकाजी तामाङ्ग, धनबहादुर तामाङ्ग, फूर्वा तामाङ्ग समेतलाई ऐ. महलको १७(३) नं.बमोजिम ६ महिना कैद हुने र प्रतिवादी पासाङ्ग तामाङ्गलाई अभियोग दावीबाट सफाई हुने ।

घटना प्रकृति विवरण तथा यी प्रतिवादीको उमेर समेतलाई विचार गर्दा निजहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकोले प्रतिवादीहरू बहादुर तामाङ्ग र राजु तामाङ्गलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ७ वर्ष कैद हुने ।

इजलास अधिकृत: फणिन्द्र पराजुली

इति संवत् २०६७ साल फागुन ४ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा. न्या.श्री सुशीला कार्की,** २०६७ सालको रिट नं. ०६७-WO-०४०२, उत्प्रेषण, *परमादेश, सूर्यबहादुर बोहरा वि. नेपाल औद्योगिक विकास निगम समेत*

सूर्यबहादुर बोहरा समेतउपर काठमाडौं जिल्ला अदालतमा चलेको ठगी र सरकारी छाप दस्तखत कीर्ते मुद्दामा तामेल भएको म्याद रीतपूर्वकको नै भएको देखिएको र यी निवेदक उक्त म्याद बदर गराउन मु.ऐ.अ.वं. २०८ नं. को कानूनी प्रक्रियाअनुरूपको ६ महिनाको हदम्याद नघाई काठमाडौं जिल्ला अदालतमा निवेदन गर्न आएको देखिएको र सो अदालतबाट उक्त आधारमा कानूनबमोजिम गर्नु भन्ने आदेश भई सोउपर पुनरावेदन अदालत पाटनमा परेको १७ नं.को निवेदनमा पनि शुरूको आदेश सदर गरेको देखिन्छ । तसर्थ प्रस्तुत विषयमा अ.बं. २०८ नं.को प्रक्रिया उपरोक्त निकायहरूबाट विधिवत निराकरण भइसकेको स्थितिमा रिट निवेदकको संवैधानिक तथा कानूनप्रदत्त हकको हनन् भएको पनि सम्झन मिल्दैन । अतः प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल फागुन ५ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा. न्या.श्री सुशीला कार्की,** २०६२ सालको फौ.पु.नं. ३४९४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सूर्यबहादुर दवाडी समेत*

रूखबाट लडेर मरेको भनी भ्रममा पारे पनि प्रहरीमा खबर गरी पूर्जी लिई लास जलाउनु पर्नेमा सो नगरी पूर्जी नलिई मृतक सानुमाया दवाडीको लास जलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको ४ नं. अन्तर्गतको कसूर अपराध गरेकोले निज प्रतिवादीहरूलाई सोही महलको ४ नं. बमोजिम जनही रू. १०।- (अक्षरूपी दस रूपैया) जरीवाना हुने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल माघ ३ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा. न्या.श्री भरतराज उप्रेती,** पुनरावेदन नं. ०६५-CR-०२२९, वैदेशिक रोजगार, *नेपाल सरकार वि. गोकर्ण खकुरेल*

प्रतिवादीलाई अदालतले तोकेको तारीखमा उपस्थित हुन नसकेको सन्तोषप्रद कारणसहितको निजको निवेदन परेको नदेखिएको अवस्थामा मुलुकी ऐन, अदालती बन्दोबस्तको १२४ नं. को व्यवस्था आकर्षित हुने नै देखियो । उक्त कानूनी व्यवस्थाले धरौटी जफत गर्नेसम्बन्धमा तजबीजी अधिकार दिएको नदेखिँदा उक्त कानूनी व्यवस्था बाध्यात्मक (Mandatory) रूपमा पालना गर्नुपर्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल मंसिर २८ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा. न्या.श्री भरतराज उप्रेती,** पुनरावेदन नं. ०६५-CI-०२९७, CI-०३२६, CI-०८८८, CI-८९१, दर्ता बदर दर्ता, *नेत्रप्रसाद शर्मा वि. पासाङ्ग दावा शेर्पा, भूमिसुधार तथा व्यवस्थापन विभाग वि. पासाङ्ग दावा शेर्पा, पासाङ्ग दावा शेर्पा वि. मालपोत कार्यालय इलाम समेत, भूमिसुधार तथा व्यवस्था मन्त्रालय वि. पासाङ्ग दावा शेर्पा*

नापीको समयमा कुनै कित्ता जग्गा यो यसको भनी लेखिएकै भरमा त्यो नै हकभोगको निरपेक्ष आधार र प्रमाण हुन सक्दैन । नापीमा सार्वजनिक वा सरकारी पर्ति जग्गा भीर पाखो वा वन जंगल व्यक्ति विशेषको नाममा नापी गराएकै भरमा सार्वजनिक जग्गाको अस्तित्व समाप्त हुन सक्ने पनि होइन । नापी भएको जग्गाको दावी गर्दा दावीअनुरूपको निश्चयात्मक प्रमाण जसको नाममा नापी भएको छ निजले पेश दाखिल गर्नुपर्ने । जग्गाको मूल स्रोतमा नै क्षेत्रफल उल्लेख भएको नदेखिएको अवस्थामा वादीले दावी गरेकै भरमा बिनाआधार प्रमाण सोहीबमोजिम निर्णय गर्नु मुनासिब हुँदैन । नापी नभएको जग्गा खरीद गरेको र त्यसबाट वास्तविक क्षेत्रफल नखुलेको अवस्थामा राजीनामाको किल्लाभित्र रही खरीदकर्ताले गरेको भोगचलन र

बसोबासलाई आधार मानी क्षेत्रफल कायम गर्नु न्यायसंगत हुने ।
इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल मंसिर २८ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा. न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको CR-०१९६, जीउ मास्ने बेच्ने, *टेकबहादुर परियार वि. नेपाल सरकार*

प्रतिवादीहरूले आफूलाई ललाई फकाई विवाहको प्रलोभनमा पारी भारतको बम्बै लगी बिक्री गरेका हुन् भनी पीडित रीता अधिकारीले अनुसन्धानको क्रममा बयान गरेको पाइन्छ। पीडितको उक्त बयान अदालतबाट प्रमाणित भएको छ। उक्त बयान अदालतबाट प्रमाणित भएको छ। प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) ले घटनाबाट पीडित भएका व्यक्तिले तत्काल मौकामा व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ। प्रस्तुत मुद्दामा घटनाबाट पीडित प्रत्यक्ष साक्षी रीता अधिकारीले गरेको उक्त प्रमाणित बयान पुनरावेदक प्रतिवादीका विरूद्ध प्रमाणमा ग्रहण गर्न मिल्ने देखियो। उक्त कुरालाई अनुसन्धानका मानिसहरूले अदालतमा आई गरेको बकपत्र समेतबाट यी पुनरावेदक प्रतिवादीको कसूर तथ्ययुक्त, ठोस एवं शंकारहित तवरबाट प्रमाणित हुने ।
इजलास अधिकृतः भोलानाथ ढकाल
कम्प्युटरः धनबहादुर गुरूङ्ग
इति संवत् २०६७ साल पुस १४ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा. न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६२ सालको फौ.पु.नं. ३४६६, ३७३९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कृष्णवंश ओझा, कृष्णवंश ओझा वि. नेपाल सरकार*

प्रतिवादी कृष्णवंश ओझाले निज मृतक शुभद्रा बराललाई मृत्यु हुने दिन २०५८।४।२८ गते साँझ पनि भेट गर्न आई आफ्नो शब्दजालमा पारी निजलाई आफ्नो मोटरसाइकलमा राखी लगी निज शुभद्रा बराललाई कुनै तरहले घाँटी थिची मारी, मरेपछि बेगनास तालको पानीमा फालेको सिद्ध हुन आएको छ। मिसिल संलग्न प्रमाण र परिस्थितिजन्य प्रमाण समेतबाट निज पुनरावेदक प्रतिवादी कृष्णवंश ओझाले ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसूर गरेको पुष्टि भएकोले निजलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।
इजलास अधिकृतः बसन्तजङ्ग थापा
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६७ साल पुस ११ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा. न्या.श्री कमलनारायण दास,** ०६५-CI-०१९६, CI-५४७, नापी दर्ता बदर हक कायम, *नन्दराज उपाध्याय न्यौपाने वि. सुरेशकुमार पोखरेल, सुरेशकुमार पोखरेल वि. नन्दराज उपाध्याय न्यौपाने*

विवादित न.नं. ६ को जग्गा कि.नं. ५ मा रहेको र वादीले आफ्नो जग्गा प्रतिवादीले कि.नं. ५ मा घुसाई दर्ता गराएको भनी दावी लिएको देखिँदा उक्त न.नं. ६ मा उत्तरतर्फ २६७ मीटर, दक्षिणतर्फ २६७ मीटर, पूर्वतर्फ १ मीटर र पश्चिमतर्फ ३ मीटर भै जम्मा ०-१-१० जग्गा अवस्थित भएको देखिएको यस्तो अवस्थामा यी पुनरावेदक वादीले दावी लिएको ०-४-११ अर्थात् १५२३.७० जग्गा प्रतिवादीले घुसाई दर्ता गरेको नदेखिई प्रतिवादीको कि.नं. ५ को जग्गामा जम्मा ०-१-११ जग्गा अर्थात् ०,०५३४ जग्गा घुसेको देखिन आउँछ। त्यस्तै यी पुनरावेदक वादी नन्दराम न्यौपानेले नापी गोश्वारा मोरङ्ग विराटनगरमा साविकबमोजिम जम्मा ०-२-० जग्गा मात्र सर्वे नापीमा घटी देखिएको भनी उजूर गरी दावी लिएको यस्तो अवस्थामा फिरादमा दावी उल्लेख गर्दैमा ०-४-१० जग्गा प्रतिवादीले घुसाई दर्ता गराए भनी तर्क गर्न नमिल्ने ।
इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल मंसिर २९ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा. न्या.श्री कमलनारायण दास,** ०६५-CR-०४७०, सम्बन्ध बिच्छेद, अंश, *टीकाराम पौडेल वि. अम्बिकादेवी पौडेल*

कि.नं. १०८१ र कि.नं. १०८६ का कित्तामा बनेको घरको हकमा बण्डा नलाग्ने भनी यी पुनरावेदक

वादीले शुरू तायदातीमा उल्लेख गरी सकेपछि सो कि.नं.का जग्गामा बनेका घरहरूको हकमा समेत बण्डा लाग्ने भनी शुरू फैसलाको ठहर खण्डमा उल्लेख भएपछि सो कुराका हकमा चित्त बुझाई बसी हाल प्राविधिक रूपमा तपसील खण्डमा छुट हुन गएको तथ्यलाई पुनरावेदन अदालतले समाविष्ट हुने गरी ठहर फैसला गरेपछि मात्र यी पुनरावेदक प्रतिवादीको पुनरावेदन परेको देखिँदा यस तहमा आई सो कि.नं. १०८१ र १०८६ का कित्ताका जग्गामा बनेको घरको बण्डा लाग्ने फैसलाको हकमा प्रश्न गर्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल मंसिर २९ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा. न्या.श्री कमलनारायण दास,** ०६६-CR-०२१७, लागू औषध, ब्राउन सुगर, *नेपाल सरकार वि. शेरबहादुर बस्नेत*

खानतलासी मुचुल्कामा समेत प्रतिवादी तीलबहादुर कार्कीको साथबाट बरामद भएको भन्ने मिसिल संलग्न प्रमाणबाट खम्बीर भै लागू औषध आफूले सेवन गर्ने भनी बयानमा उल्लेख गरेको समेतबाट यी प्रतिवादी शेरबहादुर बस्नेतको बरामदी एवं खानतलासी मुचुल्का हुँदाका बखत संलग्नता भएको अवस्था समेत देखिएन । यस्तो अवस्थामा प्रतिवादी तीलबहादुर कार्कीको पोलकै आधारमा मात्र लागू औषध जस्तो संगीन फौजदारी कसूरमा निज शेरबहादुर बस्नेतलाई सजायको भागीदार बनाउन कानून, न्याय तथा विवेकको रोहमा समेत नमिल्ने ।

इजलास अधिकृत विष्णुप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल मंसिर २९ गते रोज ४ शुभम् ।

११

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको दे.पु.नं. ०६४-०५१०, अंश दिलाई पाऊँ, *इन्द्रबहादुर अधिकारी वि. गोपालबहादुर अधिकारी समेत*

नागरिकता प्रमाणपत्र लिँदा प्रतिवादीले सनाखत नगरी वादीका काका रेखबहादुर अधिकारीले सनाखत गरी दिएको र वादीले फिरादमा २०२८ सालमा जन्मिएको भनेकोमा निजकी आमाले शुरू अदालतमा बयान गर्दा २०१९ सालमा पुनरावेदक इन्द्रबहादुरको जन्म भई २०२१ सालमा अर्को विवाह गरी गएको भन्ने उल्लेख गरेको पाइन्छ । प्रतिवादी गोपालबहादुर र वादीको आमा लक्ष्मीदेवीबीच वैवाहिक सम्बन्ध भएको कुनै पनि प्रमाण वादी पक्षबाट प्रस्तुत नहुनुको साथसाथै प्रतिवादी गोपालबहादुरले निज प्रतिवादीलाई छोरा भनी स्वीकार गरेको कुनै प्रमाणहरू पनि प्रस्तुत गर्न सकेको पाइएन । यसरी प्रमाणहरूबाट वादी इन्द्रबहादुर अधिकारी प्रतिवादी गोपालबहादुर अधिकारीको छोरा नाताका अंशियार नदेखिने ।

वादी इन्द्रबहादुर अधिकारी प्रतिवादी गोपालबहादुर अधिकारीको छोरा नाताका अंशियार नदेखिँदा नाता कायम गरी ३ भागको १ भाग अंश पाउने ठहर गरेको शुरू सुनसरी जिल्ला अदालतको फैसला उल्टी गरी नाता कायम गरी अंश समेत पाऊँ भन्ने वादी दावी नपुग्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल मंसिर २२ गते रोज ४ शुभम् ।

१२

**मा. न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको ०६५-WO-०१०३, उत्प्रेषणयुक्त परमादेश, *विष्णुशरण रञ्जित समेत वि. मु.स. गर्ने डा. विजयबहादुर राजभण्डारी समेत*

मिति २०५७।२।३० सम्म वादी पक्ष तारेखमा रहेको वादीले पेश गरेको तारेख पर्चाबाट देखिएको र उक्त तारेख पर्चा अन्यथा प्रमाणित नभएको अवस्थामा मिति २०५७।२।३० को आदेश मिसिलमा नदेखिँदैमा त्यसको जिम्मेवार मुद्दाका पक्षलाई बनाई तारेख गुजारेको भन्नु न्यायसंगत नहुने ।

अदालतको फैसलाबाट अन्तिम भइरहेको विषयमा फैसलाको कार्यान्वयन गरी पाउनु पक्षको अधिकार नै हो भने त्यस्तो फैसलाको कार्यान्वयन गरी दिनु अदालतको प्राथमिक दायित्व हो । फैसला कार्यान्वयनको अधिकारको प्रचलनको लागि सम्बन्धित पक्षले कानूनद्वारा तोकिएको प्रक्रियाअनुरूप अदालतमा

प्रवेश गरेको र प्रत्येक अदालती प्रक्रियामा सहभागी भई रहेको अवस्थामा यथाशीघ्र फैसलाको कार्यान्वयन गरिदिनु पर्ने हुन्छ ।

अदालती कार्यविधिगत प्रक्रिया लम्बिन गई मिसिलमा अदालतकै काम कारवाहीका कमीकमजोरीको कारणबाट देखा परेको तारेखसम्बन्धी प्राविधिक विषयमा पक्षको कुनै दोष नभई आफ्नो स्थापित अधिकार प्रचलनार्थ सजग भई अदालतको कानूनी प्रक्रियामा सहभागी भइरहेको देखिएको अवस्थामा अदालत आफ्नो फैसला कार्यान्वयन गरिदिने दायित्वबाट पन्छन नमिल्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल फागुन १५ गते रोज १ शुभम् ।

१३

**मा. न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको CR-००२५, डाँका, *नेपाल सरकार वि. कृष्ण पहारी समेत*

डाँकाको वारदात नै कायम हुन नसक्ने भएपछि यी प्रतिवादीहरूको प्रहरीको साविती बयानको आधारमा मात्र डाँकाजस्तो गम्भीर प्रकृतिको अपराधमा आरेपित कसूर गरेको ठहऱ्याई सजाय गर्न न्यायोचित हुँदैन । शंकाको सुविधा अभियुक्तले पाउने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६७ साल माघ २ गते रोज १ शुभम् ।

१४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-WO-०१९७, उत्प्रेषण परमादेश, *कृष्णबहादुर श्रेष्ठ समेत वि. नेपाल टेलिभिजन प्रधान कार्यालय समेत*

काम लगाउँदाका बखत जे जस्तो तलब भत्ता सुविधा कर्मचारीले पाउने हो त्यो काममा संलग्न कर्मचारीले पाउनु पर्ने नै हुन्छ । सेवा विधिशास्त्र (Service Jurispredence) मा कर्मचारीको पक्षमा उदार व्याख्या अपेक्षित छ । कानूनले नै स्पष्ट शब्दमा नपाउने भनी निषेध गरेको सुविधा दिन मिल्दैन । तर सुविधा नदिने नै उद्देश्य राखी गरिने व्याख्यालाई अपव्याख्या मान्नुपर्ने ।

नीतिगतरूपमा निर्णय गर्दा कुनै कर्मचारीले सुविधा प्राप्त गर्ने र सोही हैसियतका बढ तलब दिने निर्णय लागू भएपछि अवकाश लिएका यी निवेदकहरूले प्राप्त गर्न नसक्ने भनी अर्थ गरिनु हुँदैन । समानहरूका बीच समानता कायम गर्ने क्रममा कानूनको प्रयोग गर्दा असमान व्यवहार गरिनु न्यायसँगत मान्न उचित नहुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६७ साल फागुन ६ गते रोज ६ शुभम् ।

१५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-WO-०५४६, उत्प्रेषण परमादेश, *माधवप्रसाद न्यौपाने वि. मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

रिट निवेदक माधवप्रसाद न्यौपाने निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ बमोजिम रा.प. तृतीय श्रेणी शाखा अधिकृत (विशेष पद)मा बढुवा भएका कर्मचारी भएको र उक्त दफाबमोजिम बढुवा भएका कर्मचारीको सरूवा निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ को उपदफा (९) बमोजिम यसै दफाबमोजिम बढुवा भई सिर्जना भएका विशेष दरबन्दीको पदमा नै हुनुपर्नेमा निवेदकको सरूवा नेपाल सरकारको मिति २०५६।१०।२८ को निर्णयानुसार भूलबाट उल्लिखित विशेष पदको दरबन्दी नै नभएको मालपोत कार्यालय चाबहिलमा भएको हुँदा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०६५।११।१९ मा उक्त सरूवा बदर गर्ने गरी भएको निर्णय कानूनसम्मत देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल माघ १८ गते रोज ३ शुभम् ।

१६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६-CR-०१८०, भ्रष्टाचार, *शर्मीला मिश्र वि. नेपाल सरकार*

लेखी आएको व्यहोरालाई प्रतिवादीले अन्यथा भनी खण्डन गर्न नसकेको अवस्थामा शैक्षिक

योग्यताको प्रमाणपत्रको विषयमा उठेको प्रश्नको समाधान गर्ने निकाय नै आधिकारिक हुन्छ । त्यसकारण सम्बन्धित निकायबाट विवादित प्रमाणपत्र सही होइन भनी लेखी आएको अवस्थामा त्यसलाई अन्यथा मान्नुपर्ने नदेखिने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६७ साल फागुन १ गते रोज १ शुभम् ।

१७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६३ सालको फौ.पु.नं. ०६३-CR-०५६७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दुलारचन यादव समेत*

जाहेरवाला लालचन यादवले मौकामा प्रतिवादीहरूउपरको किटानी जाहेरी दिएकोमा प्रतिवादीहरूको कर्तव्यबाट मृतकको मृत्यु भएको होइन, जाहेरी व्यहोरा झूट्टा हो भनी अदालतमा बकपत्र गरेको देखिएबाट निजले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९को दफा २८ उपदफा २(क) बमोजिम झूट्टा हो भनी अदालतमा बकपत्र गरेको देखिएबाट निजले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २८ मा उपदफा २(क) बमोजिम झूट्टा जाहेरी दरखास्त दिएको देखिँदा जाहेरवाला लालचन यादवलाई रू. ३०००।-(अक्षरूपी तीनहजार रूपैंया मात्र) जरीवाना हुने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः चन्द्र तिमल्सेना

इति संवत् २०६७ साल फागुन २ गते रोज २ शुभम् ।

१८

**मा.न्या.श्री सुशीला काकी र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको CI-११३९, परमादेशयुक्त निषेधाज्ञा, *फनिनाथ दुलाल वि. जिल्ला प्रशासन कार्यालय झापा समेत*

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३ को अवस्था बाँकी छँदै निवेदकले दावी लिएको न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) अन्तर्गत अदालतको अधिकारक्षेत्र आकर्षित हुन नसक्ने भएकोले कानूनले तोकेको बाटो परित्याग गरी पर्न आएको निवेदन कानूनअनुरूपको देखिन आएन । विपक्षीहरूले निवेदकलाई धम्की दिने भय र आतङ्कको सिर्जना गर्ने जस्ता कार्य गरेको भन्ने निवेदन व्यहोरा समेत मिसिलबाट नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल माघ १३ गते रोज ५ शुभम् ।

१९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको CI-१०७१, परमादेश, *गणबहादुर बस्नेत वि. लालबहादुर के.सी. समेत*

आफू विद्यालयमा गैरहाजिर भई हाजिर रहेको प्रमाण निवेदकले पेश प्रस्तुत गर्न नसकेको अवस्थामा गैरहाजिर अवधिको तलब भत्ता नदिने भन्ने विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार तलब भत्ता नदिएकोमा विद्यालय व्यवस्थापन समितिलाई विपक्षी समेत नबनाएको आधार समेतमा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल माघ १३ गते रोज ५ शुभम् ।

२०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री कमलनारायण दास,** २०६५ सालको CI-०००७, निषेधाज्ञा मिश्रित परमादेश, *लीलाबिक्रम शाह वि. मनोहरा जग्गा एकीकरण आयोजना समेत*

निवेदकले दावी लिएको कि.नं. ४२३ को क्षे.फ. ७०-१५-०-० जग्गाको फिल्डबुकमा किसानको नाम, थर, वतनमा मनहरा खोला तथा किसानको व्यहोरामा समेत मनहरा खोला उल्लेख भएको देखिन्छ । उक्त जग्गा निवेदकले उल्लेख गरे जस्तो वायुदेवताको गुठी जग्गा रहे भएको प्रमाणित हुन सकेको छैन । निवेदकले उक्त जग्गामा आफ्नो हक स्थापना भएको वा हुन सक्ने आधार देखाउन नसकेको यस अवस्थामा हकदैयाको अभावमा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल माघ १३ गते रोज ५ शुभम् ।

२१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७ सालको दे.पु.नं. ०६२०, अंश नामसारी, *अनवर खान समेत वि. अस्वुन निसा खान समेत*

कि.नं. १७८८ जग्गा खरीद गर्न र घर निर्माण गर्न प्रतिवादी नुरूल हुदाले नेपाल आयल निगमबाट ऋण कर्जा लिएको देखिइरहेको छ। अर्कोतर्फ अंशियारमध्येका जुमराती पनि नेपाल आयल निगमकै कर्मचारी रहेकोले निज समेतको लगानी यस घर जग्गामा रहेको कथन भए पनि जिल्ला अदालतले यो सम्पत्तिलाई प्र. नुरूल हुदाको निजी आर्जन मानी बण्डा नलाग्ने ठहर गरेतर्फ जुमरातीको पुनरावेदन अदालतमा पुनरावेदन परेको पाइन्न। पुनरावेदन नगर्नु उक्त फैसलाप्रतिको सहमति हो। यसबाट निज जुमरातीले पुनरावेदन अदालतमा पुनरावेदन नगरेबाट पनि निजले समेत नेपाल आयल निगमबाट ऋण लिई सो कि.नं. १७८८ को जग्गा खरीद तथा घर निर्माण गरेको भन्न नमिल्ने।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल पुस ११ गते रोज १ शुभम्।

**रायबाझी फैसला**

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री रामकुमारप्रसाद शाह,** पुनरावेदन नं. ०६५-CI-०१२६, उत्प्रेषण, परमादेश समेत, *रणबहादुर शाह वि. प्रं.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

**मा.न्या.श्री तपबहादुर मगरको रायः**

निवेदकले दावी गरेको जग्गा फिर्ता सम्बन्धमा जिल्ला प्रशासन कार्यालयमा दिएको निवेदनउपर निर्णय गर्न परमादेशको माग नभएको, जग्गा फिर्तासम्बन्धी विषय प्रमुख जिल्ला अधिकारीको अधिकारक्षेत्रभित्रको देखिएको र विवादित जग्गा समेत अन्यत्र हस्तान्तरण भैसकेको अवस्थामा निवेदकले माग गरेबमोजिम नेपाल आयल निगमलाई नेपाल औषधि लिमिटेडले बिक्री गरेको राजीनामा लिखत र सो लिखतको आधारमा भएको दर्ता बदर गरी विवादित जग्गा निवेदकलाई फिर्ता दिनु भनी आदेश जारी गर्न नमिल्ने।

**मा.न्या.श्री रामकुमारप्रसाद शाहको रायः**

अधिग्रहण गरिएको जग्गा फिर्ता सम्बन्धी निवेदकले दिएको निवेदनमा जिल्ला प्रशासन कार्यालयमा कारवाही चलिरहेको अवस्थामा सो कारवाही र निर्णयलाई निस्तेज र निष्क्रिय गर्न सो जग्गा नेपाल औषधि लिमिटेडको सञ्चालक समितिले बिक्री गर्ने गरी २०६५।३।२ को राजीनामाबाट सो निर्णय कार्यान्वयन गरिसकेको तथा उक्त जग्गा नेपाल आयल निगमको नाममा दर्ता भई निगमको स्वामित्वमा रहेको देखिँदा अब जिल्ला प्रशासन कार्यालयबाट सो जग्गा फिर्ताको निर्णय हुन सम्भव नभएको र सो निर्णय भए पनि प्रभावकारी हुने अवस्था देखिन आएन। यस अवस्थामा विवादित जग्गा बिक्री गर्ने गरी नेपाल औषधि लिमिटेडको सञ्चालक समितिले गरेको २०६४।१०।११ को निर्णय र सो निर्णयको आधारमा भएका पछिल्ला क्रियाहरू अर्थात् राजीनामाको पारीत तथा सोको आधारमा विपक्षी नेपाल आयल निगमको नाममा भएको दर्ता समेतका कारवाहीहरूबाट निवेदकको नेपालको अन्तरिम संविधान तथा प्रचलित कानूनबमोजिम प्राप्त सम्पत्तिसम्बन्धी अधिकारमा गैरकानूनी रूपमा प्रत्यक्षतया आघात परेकोले उक्त २०६४।१०।११ को निर्णय तथा २०६५।३।२ को नं. ६५८५(क) को राजीनामा लिखत तथा सो आधारमा नेपाल आयल निगमको नाममा भएको दर्ता समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने।

उपरोक्त रायसँग सहमत नहुँदा संयुक्त इजलासको दायरी लगत कट्टा गरी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(क) बमोजिम पूर्ण इजलासमा पेश हुने।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल असोज १७ गते रोज १ शुभम्।

- यसै लगाउको पुनरावेदन नं. ०६४-CI-०३४८, निषेधाज्ञा, *रणबहादुर शाह वि. सञ्चालक समिति, नेपाल औषधि लिमिटेड समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. ०९४२, अंश चलन, *विक्कीरत्न शाक्य समेत वि. कूलरत्न शाक्य समेत*

**मा.न्या.श्री ताहिर अली अन्सारीको राय:**

आमा-बाबुको नाममा जुनसुकै व्यहोराबाट प्राप्त गरेको सम्पत्ति भए पनि त्यसमा छोराछोरीको अंशहक लाग्छ भन्ने यस अदालतले कानूनी सिद्धान्त अपनाएको र सोहीबमोजिम निर्णयहरू गर्दै आएको भए पनि आमाले पाएको बकसपत्रको घर जग्गामा छोराछोरीले आफ्नो अंशको दावी नगरेको अवस्थामा तेस्रो पुस्ताका अंशियारले अर्थात् छोरा, छोरीका सन्तानले त्यस्तो सम्पत्तिमा आफ्नो अंशहकको दावी लिन नसक्ने ।

वादीहरूका पति-पिता पुष्परत्न शाक्यले मिति २०५५।१।४ मा बण्डापत्रको लिखतबाट आफ्नो अंश बुझिसकेको अवस्थामा यी वादीहरूले निजहरूका ससुरा-सासू, देवर-जेठाजु लगायतका अन्य प्रतिवादीहरूबाट अंश पाउने देखिँदैन । निजहरूले आफ्ना पति पिता प्रतिवादी पुष्परत्न शाक्यबाट मात्र अंश पाउन सक्ने ।

**मा.न्या.श्री प्रकाश वस्तीको राय:**

कुनै लिखतमा बकसपत्र भन्ने शब्द टाँसिदैमा सो निजी श्रम सीप प्रयासको आर्जन वा स्त्री धनको सम्पत्ति मानिई बण्डा नलाग्ने हुन सक्दैन । वास्तवमा दातालाई सेवा टहल चाकरी समेतका रिझको कारण तथा त्यसको प्रामाणिक विश्वसनीयता पनि स्थापित हुनु पर्दछ । लिखत पारीत गराउँदा राजीनामा, बकसपत्र, दानपत्र, छोडपत्र जुनसुकै शब्द लेख्न लेखाउन सकिन्छ । यसरी इच्छाअनुसार अंकित गर्न सकिने शब्दलाई लिएर त्यस लिखतको प्रकृति निर्धारण गरिनु न्यायसँगत नहुने ।

पत्नी र सन्तानको साम्पत्तिक हक पति पिताको साम्पत्तिक हकसँग अन्तरभूत हुन्छ । पत्नीत्व ग्रहण गर्ने वित्तिकै तथा सन्तति जन्मने वित्तिकै प्राप्त हुने कानूनी हकलाई हलुका रूपमा लिन न्यायोचित नहुने ।

पति र पिताले प्राप्त गरेको सम्पत्तिबाट हक प्राप्त गर्ने वादीहरूलाई पति पिताले कानूनबमोजिम लिनुपर्ने सम्पत्ति दुराशय चिताई नलिएको अवस्था भई सम्पत्ति नै नरहेबाट भविष्यमा निजसँग सम्पत्ति देखियो भने सोबाट अंश पाउने भनी अदालतले शून्य सम्पत्ति दिलाउन न्यायोचित नहुने ।

कुनै पनि व्यक्ति केवल आफ्नो हकको विषयको निर्णायक हो । उसलाई आफ्नै माध्यमले नै किन नहोस् अंशहक प्राप्त गर्ने अन्य व्यक्तिको हकमा सारभूत रूपमा प्रतिकूल प्रभाव पार्ने गरी निजहरूको मञ्जूरी बिना निर्णय लिन सक्ने हक हुँदैन । यदि यसो गरिन्छ भने त्यस्तो क्रिया कानूनका दृष्टिमा अवैध र अमान्य हुने ।

प्रस्तुत मुद्दामा माननीय न्यायाधीश श्री ताहिर अली अन्सारीको रायसँग सहमत हुन नसकेको हुँदा प्रस्तुत मुद्दाको संयुक्त इजलासको दायरीको लगत कट्टा गरी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(क) बमोजिम प्रस्तुत मुद्दा पूर्ण इजलासमा पेश गर्नू ।

इजलास अधिकृत: फणिन्द्र पराजुली
कम्प्युटर: रानु पौडेल
इति संवत् २०६७ साल माघ ५ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४ सालको फौ.पु.नं. ०७४६, जालसाजी, *विक्कीरत्न शाक्य समेत वि. कूलरत्न शाक्य समेत*
- २०६५ सालको दे.पु.नं. ०९४३, लिखत बदर, *विक्कीरत्न शाक्य समेत वि. कूलरत्न शाक्य समेत*

**एकल इजलास**

१

**स.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ**, रिट नं. २०६७ WO-०४२७, उत्प्रेषणयुक्त परमादेश, *प्रेमबहादुर खापुङ्ग वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

जग्गा दर्ता गर्ने सम्बन्धमा विशेष ऐनको रूपमा रहेको मालपोत ऐन, २०३४ ले मालपोत

कार्यालयलाई अधिकार दिएको विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख. को आधारमा हस्तक्षेप गरी यस अदालत समेतबाट भएको अन्तिम फैसला र आदेशबाट हक कायम हुन नसक्ने ठहर भएको व्यक्ति विशेषका नाउँमा दर्ता गरिदिनु भनी आदेश दिन नमिल्ने ।

नेपाल सरकारका नाउँमा दर्ता भएको जग्गाको विषयमा कुनै विवाद उत्पन्न भए विवादको टुंगो लगाउने निकाय कानूनले नै तोकिदिएको कुरा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पदाधिकारीलाई जानकारी नहुने तथा सो विषयमा जानकारी थिएन भनी अनुमान गर्न मिल्दैन । निवेदकहरूको हकभोगमा रहेको जग्गा नेपाल सरकारको नाउँमा दर्ता भएको स्थिति भए सो दर्ता बदरको लागि प्रचलित कानूनबमोजिम न्यायिक उपचारको मार्ग अवलम्बन गर्नुपर्ने हुन्छ । जग्गा दर्ताको सम्बन्धमा प्रचलित कानूनबमोजिम निर्णय गर्न पाउने साधिकार निकायले गरेको निर्णयउपर प्रचलित कानूनबमोजिमकै न्यायिक उपचारबाट परीक्षण भई अन्तिम भैरहेको विषयमा अदालतको फैसला नै अन्यथा हुन जाने गरी आफूलाई अधिकार नभएको विषयमा पुनरावेदन सुने जस्तो गरी निर्णय फैसला जाँच्ने अधिकार कानूनले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई सुम्पेको नदेखिने ।

मिति २०६६।९।१७ को निर्णयमा संलग्न तत्कालीन पदाधिकारीहरू श्री ललितबहादुर लिम्बू एवं श्री वेदप्रसाद सिवाकोटी रहेको भन्ने निर्णयको प्रतिलिपिबाट देखिन आएको हुँदा उक्त निर्णयमा संलग्न पदाधिकारीलाई कानूनबमोजिम के कस्तो कारवाही हुनुपर्ने हो सो सम्बन्धमा तत्कालै आवश्यक छानबीन गरी उचित कारवाही गर्नू भनी संविधानसभा (व्यवस्थापिका संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ११० बमोजिमको राज्य व्यवस्था समिति, व्यवस्थापिका संसद सचिवालय तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेतका नाउँमा यो न्यायिक टिप्पणी जारी हुने ।

इजलास अधिकृतः पुनाराम खनाल
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६७ साल कात्तिक २९ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी.,** २०६७ सालको रिट नं. WO-०८३०, उत्प्रेषण, *तुलसी ओझा वि. ऋण असूली न्यायाधिकरण काठमाडौं समेत*

आफूले ऋण लिई उक्त ऋण तिर्नु बुझाउनु पर्ने समय व्यतीत भै मुद्दा परी फैसला भई बिगो भराई पाउन वादीले दरखास्त गरी जग्गा डाँक लिलाम हुँदा समेत बेखबर रही समयमै ऋण तिर्ने आफ्नो दायित्व पूरा नगर्ने निवेदकलाई यस अदालतको असाधारण अधिकारले मद्दत गर्न सक्दैन । बैंक तथा ऋण असूली न्यायाधिकरणको निवेदकसँगको ऋण एवं साँवा ब्याज असूल्ने बाहेक अन्य उद्देश्य हुँदैन । यी निवेदकले निर्णयप्रति बद्नियत चितायो वा Bias भयो भन्ने आरोप लगाएर मात्र होइन, प्रमाणित समेत गरेर देखाउनु पर्छ । निवेदकको निवेदन केवल आरोप मात्र सीमित रहेको देखियो । तसर्थ प्रथम दृष्टि (Prima Facia) मा नै निवेदकको निवेदन माग Stand गर्ने नदेखिई भए गरेका काम कारवाही रीतपूर्वकको देखिएकोले विपक्षीहरूबाट लिखित जवाफ मगाई रहनु पर्ने नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल चैत ७ गते रोज २ शुभम् ।

## सूचना

- **सर्वोच्च अदालतबाट मासिक रुपमा प्रकाशित हुने नेपाल कानून पत्रिका २०६७ को अङ्क १ देखि १२ सम्मको सवै विषयसूचीसहितको अनुक्रमाणिका खण्ड छुट्टै प्रकाशित हुँदैछ ।**
- **यसरी प्रकाशन हुने अनुक्रमाणिका नेपाल कानून पत्रिकाको वार्षिक ग्राहकलाई निःशुल्क र अन्यलाई नेपाल कानून पत्रिकाको मूल्य सरह नै रु.३०। मा विक्री गरिनेछ ।**

## नव वर्ष २०६८ को अवसरमा न्यायपालिका अधिकृत समाजद्वारा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठज्यूले मिति २०६७।१२।३०।४ मा दिनु भएको शुभकामना मन्तव्य

नव वर्ष २०६८ को पूर्वसन्ध्यामा शुभकामना आदान प्रदान कार्यक्रमको आयोजना गरी दुई शब्द व्यक्त गर्ने अवसर उपलब्ध गराउनु भएकोमा म आयोजक न्यायपालिका अधिकृत समाजलाई धन्यवाद दिन चाहन्छु। नव वर्ष २०६८ को यस पावन अवसरमा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरूमा सुख, समृद्धि एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

निश्चय नै नयाँ वर्ष हरेक समाजको लागि नयाँ उमङ्ग र आशाको संवाहकको रुपमा रहेको हुन्छ। हामी सम्पूर्ण नेपालीहरूले पनि प्रत्येक नयाँ वर्ष सबैको उज्ज्वल भविष्य, स्थायी शान्ति, समृद्धि र प्रगतिको संवाहकको रुपमा रहोस् भन्ने कामना गर्दै आएका छौँ। नयाँ वर्ष २०६८ पनि हामी सबैका लागि विशेष महत्वपूर्ण हुनेछ भन्ने हामी सबैले आशा गरेका छौँ। विशेष गरी नयाँ वर्ष २०६८ को आगमनसँगै नयाँ संविधानमार्फत् मुलुकमा स्थायी शान्ति, लोकतन्त्र, मानवाधिकार र विधिको शासनलाई सुदृढ गर्दै समग्र विकासको नयाँ ढोका खोल्ने अपेक्षा सम्पूर्ण नेपालीहरूले राखेका छन्। न्यायपालिकाको स्वतन्त्रतालाई अझ सुदृढ गर्दै स्वतन्त्र र प्रभावकारी न्याय प्राप्त गर्ने जनताको नैसर्गिक हकलाई व्यावहारिक रुप दिने नयाँ संविधान यही नयाँ वर्षले हामीलाई दिनेछ। त्यसैले न्यायपालिकामा कार्यरत् सम्पूर्ण न्यायकर्मी, अधिकृत एवं सम्पूर्ण कर्मचारीहरूको लागि पनि यो वर्ष विशेष महत्वपूर्ण हुनेछ। विगत वर्षहरू झै यस वर्ष पनि जनतालाई छिटो छरितो, प्रभावकारी र सुलभ न्याय प्रदान गर्ने दिशामा न्यायपालिकालाई अझ उल्लेख्य उपलब्धि हाँसिल हुने छ। साथै न्यायिक सुधारका दिशामा हामीले चालेका कदमहरू अझ सवल र सुदृढ रुपमा अगाडि बढाई न्यायपालिकाप्रतिको जनताको आस्था र भरोसालाई अझ जीवन्त बनाउन यो नयाँ वर्ष २०६८ ले तपाइँ हामी सबैलाई उत्प्रेरित गरिरहने छ भन्ने आशा पनि व्यक्त गर्न चाहन्छु।

न्यायपालिकाको महत्वपूर्ण संवाहकको रुपमा रहनु भएका सम्पूर्ण अधिकृतज्यूहरूको साझा चौतारीको रुपमा रहेको न्यायपालिका अधिकृत समाजले विगत वर्षहरू जस्तै यो नयाँ वर्षमा पनि सम्पूर्ण अधिकृतहरूको हक हितको प्रबर्द्धन गर्दै न्यायसेवाको प्रभावकारिता, विश्वसनीयता र न्यायिक सुधारका दिशामा महत्वपूर्ण भूमिका खेल्न सफल होस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु। मैले न्यायपालिकाको नेतृत्व सम्हालेदेखि नै न्यायपालिकाको स्वतन्त्रताको रक्षा एवं विकृतिविहीन न्यायपालिकाको विकास गर्दै न्यायिक काम कारवाहीलाई निष्पक्ष स्वतन्त्र एवं प्रभावकारी बनाउने सिलसिलामा मैले प्रारम्भ गरेको अभियानमा पूर्णरुपमा साथ दिई पुऱ्याउनु भएको सहयोगको लागि न्यायपालिका अधिकृत समाजलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै आगामी दिनहरूमा पनि यहाँहरूबाट न्यायिक काम कारवाहीलाई विकृति विसंगतिरहित तवरले सञ्चालन गरी न्यायपालिकाको स्वतन्त्रताको संरक्षण गर्ने दिशामा महत्वपूर्ण सहयोग प्राप्त भइरहने छ भन्ने विश्वास व्यक्त गर्दै यस समाजको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

अन्त्यमा, नव वर्ष २०६८ को शुभ अवसरमा सम्पूर्ण देशवासी लगायत कानून र न्यायको क्षेत्रमा कार्यरत सबैमा पुनः हार्दिक शुभकामना व्यक्त गर्दै यहाँहरूसँग विदा हुन चाहन्छु।

**धन्यवाद !**